news24 दैनिक

वर्ष १३ अंक १२ राष्ट्रिय दैनिक | १ भदौ २०८२, आइतबार भदौ कृष्ण नवमी | नेपाल संवत् ११४५ | Sunday 17 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ




रास्वपा सभापति रवि लामिछानेलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिर लैजाँदै सुरक्षाकर्मी। रुपन्देही जिल्ला कारागारबाट अड्डासार गरि ललितपुरको नख्खु कारागारमा राख्न उनलाई शनिबार भैरहवाबाट काठमाडौं ल्याइएको हो।

*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# सरकार सम्झौता गर्छ, परिणाम देखिँदैन

**भाषा शर्मा**
**काठमाडौं, साउन ३१**

'बाउले छोरोलाई काम अह्रायो, छोराले नोकरलाई अह्रायो, नोकरले कुकुरलाई र कुकुरले पुच्छर हल्यायो' यो नेपाली आहानसँग मिल्नेगरी सरकारले कार्यसम्पादन सम्झौता गरेको छ। सम्झौताको लर्को प्रधानमन्त्रीले मन्त्रीसँग, मन्त्रीले सचिवसँग, सचिवले, महानिर्देशक, निर्देशक गर्दै कार्यालय प्रमुखहरूले हरेक कर्मचारीसँग सम्झौता हुँदै जाने बताइएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षपछि फेरि चालु आर्थिक वर्षमा गरिने कामका लागि उपप्रधानमन्त्रीद्वय एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह र अर्थमन्त्री विष्णु पौडेलसँग गत बिहीबार कार्यसम्पादन सम्झौता गरेका हुन्। गत वर्ष भदौ २७ गते यस्तै खालको कार्यसम्पादन सम्झौता गरिएको थियो। यसपटक झण्डै एक महिना अगाडि सम्झौता गरिएको हो। तोकिएको काम गर्नका लागि नियुक्ति भएका मन्त्री र कर्मचारीलाई सम्झौताको किन गर्नुपरेको ? यसको जवाफ पाउन गाह्रो छ।

पूर्वसचिव शारदाप्रसाद त्रितालले यो सम्झौतालाई बुझ्नै नसकेको जवाफ दिन्छन्। कार्यसम्पादन सम्झौता यस्तोमा गरिन्छ जहाँ परिणाम देखिन्छ। अन्य देशमा गरिने कार्यसम्पादन सम्झौतामा परिणाम देखिने काममा गर्ने गरेको उनको जानकारीमा छ। 'कुनै काम करारमा गर्दा सम्झौता गरिन्छ। हाम्रा नेता र प्रशासकले बुझेको के हो ?,' उनी भन्छन्, 'आयोजना व्यवस्थापनमा सम्झौता हुन सक्छन्। ठूला कार्यक्रम सञ्चालनमा हुन सक्छन्। जसमा यति गुणस्तर र खर्चमा गर्ने भन्ने हुन्छ।' कुनै पनि सम्झौतामा बजेट दिएर निश्चित समयभित्र काम सक्ने प्रतिबद्धता जनाउने हुनुपर्छ।'

निजामती सेवामा अधिकतम कामहरू नियमित हुन्छन्। कहीँ पनि कार्य सम्पादन सम्झौता गर्नुपर्ने आवश्यकतै देख्दैनन् त्रिताल। मानिलिउँ, कुनै विभागीय प्रमुखले



**तोकिएको काम गर्नका लागि नियुक्ति भएका मन्त्री र कर्मचारीलाई सम्झौताको किन गर्नुपरेको ?**

**एक आर्थिक वर्षमा गरिने कामलाई सम्झौता गर्न जरूरी देखिँदैन। अर्को कुरा जहाँ वर्षको दुईपटक कर्मचारी सरूवा गरिन्छ त्यस्तो निकायमा कसलाई जिम्मेवारी बनाउने ?**

**गतवर्षको सम्झौता के भयो ? किन सार्वजनिक गर्दैनन् ? उनले प्रश्न गरे। मन्त्रीले यति नम्बर पायो भन्नेबारे अनौपचारिक रूपमा सार्वजनिक गरियो। तर, कुन काम गरेबापत कति नम्बर दिइएको हो भन्ने आएन।**

'यो काम गर्ने' भनेर दिइए पनि उसँग बजेट सञ्चालनको अधिकार हुँदैन। त्यसपछि कामलाई हेरेर दण्डित वा पुरस्कृत गर्ने अधिकार पनि प्रमुखमा हुँदैन। 'कुनै सचिवले सम्झौतालाई आधार मानेर कसैलाई पुरस्कृत वा कारवाहीको अधिकार छैन।'

एक आर्थिक वर्षमा गरिने कामलाई सम्झौता गर्न जरुरी देखिँदैन। अर्को कुरा जहाँ वर्षको दुईपटक कर्मचारी सरुवा गरिन्छ त्यस्तो निकायमा कसलाई जिम्मेवारी बनाउने ? भन्ने अर्को प्रश्न छ। यदि कामै चाहिने हो भने, उनको सुझाव छ, 'सम्झौताको अवधिभर सरुवा हुनुहुँदैन।' पूर्वसचिव त्रितालका अनुसार सरकारी निकायमा सम्झौताको अर्थ छैन। सम्झौतालाई उनले 'नौटंकी'कै संज्ञा दिन्छन्। कुनै मन्त्रीले नै सचिवलाई कारवाही गर्न सक्दैन।

गतवर्षको सम्झौता के भयो ? किन सार्वजनिक गर्दैनन् ? उनले प्रश्न गरे। मन्त्रीले यति नम्बर पायो भन्नेबारे अनौपचारिक रुपमा सार्वजनिक गरियो। तर, कुन काम गरे बापत कति नम्बर दिइएको हो भन्ने आएन। 'कुन काम गरेर बढी नम्बर आयो र कुन काम नगरेर कम आयो त ?' १०० नम्बर ल्याएको भनिएका मन्त्रीलाई हेरेर जनताले सहजै पत्याउन सकेनन्।

कम नम्बर भएकालाई कारवाही गरेको वा सचेत गराएको पनि जानकारी भएन। कुन काम कुन पदाधिकारीले गरे भन्ने जनताले थाहा पाउनुपर्छ।

**बाँकी पृष्ठ २ मा ...**

## यो अंकमा

**सत्ताको अहंकार र भ्रम**



*प्रश्न गर्न डराउने समाज सत्ताको गुलाम हुन्छ। विचारको स्वतन्त्रता नै सत्ताको अहंकारविरुद्ध पहिलो हतियार हो।'*

*(नरेन्द्रजंग पिटरको विचार)*


- ट्रम्प–पुटिन वार्ता : अनिश्चितताको निरन्तरता
- चिनियाँ विदेशमन्त्री वाङ भारत भ्रमणमा जाने
- मनसुन सक्रिय रहेकाले बिपी राजमार्ग अझै १५ दिन राति बन्द रहने
- फेरि घटाए बैंकहरूले ब्याजदर
- फेदीखोला हाइड्रोपावरले १७ करोड ५० लाखको आइपीओ जारी गर्ने
- रेखा थापा र पूजा शर्माको ३६ को आँकडा
- भित्ताबाट हराउँदैछन् अष्टिम्की चित्रकला
- चहलपहलले साँझपख बेग्लै हुन्छ धरानको भानुचोक


# प्रमुख दलहरू नै छल्छन् कर

## ६२ दलले बुझाएनन् सरकारलाई कर

काठमाडौं। २०७९ सालको आमनिर्वाचनअघि सुशासन, पारदर्शिता र जवाफदेहिताका थुप्रै वाचा गरेका मुलुकका प्रमुख राजनीतिक दलहरू नै कर छलीमा मुछिएको तथ्य सार्वजनिक भएको छ। निर्वाचन आयोगमा दर्ता भएका १०३ मध्ये ६२ दलले आर्थिक वर्ष २०७९/८० मा सरकारलाई बुझाउनुपर्ने कर (घरबहाल कर, सामाजिक सुरक्षा कर, पारिश्रमिक करलगायत) करिब ३४ लाख रुपैयाँ नतिरेको महालेखाको गोप्य प्रतिवेदनले देखाएको छ।

सबैभन्दा धेरै कर नतिर्नेमा सत्तारूढ एमाले छ, जसले मात्रै १८ लाख ७७ हजार रुपैयाँ कर तिर्न बाँकी राखेको छ। कार्यालय प्रयोजनमा प्रयोग गरिएको भवन 'सहयोग'का नाममा प्रयोग भए पनि महालेखाले त्यो घरबहाल करको रूपमा करयोग्य मानेको हो। त्यसैगरी, कांग्रेसले पनि ७ वर्षदेखि आफ्ना कर्मचारीहरूको पारिश्रमिक कर नतिरेको स्विकारेको छ। अन्य दलहरू रास्वपा, जनमत पार्टी, एकीकृत समाजवादी, राप्रपा, जनता समाजवादी लगायतले पनि उल्लेख्य मात्रामा कर नतिरेको देखिन्छ।

यसैबीच, निर्वाचन आयोग भने उम्मेदवारहरूले निर्वाचन खर्च विवरण नबुझाएको भन्दै अरबौं जरिवाना तोक्न त तत्पर देखियो, तर कर नतिर्ने दलहरूप्रति भने उदार देखिएको छ। यसले आयोगको कार्यसम्पादन र निष्पक्षतामाथि समेत प्रश्न उठाएको छ।

अन्ततः जनतासँग प्रतिबद्धता जनाउने राजनीतिक दलहरू आफैंले कर छली गर्नु, अपारदर्शी लेखा प्रणाली अपनाउनु र नियमनकारी निकायहरूले त्यसमा कारबाही नगर्नु नेपाली लोकतन्त्रका लागि चिन्ताजनक अवस्था हो। सुशासनको नारा लगाउने दलहरू आफैंले त्यो मूल्य तोड्ने हो भने जनताको विश्वास गुमाउनुका साथै लोकतान्त्रिक प्रणाली नै कमजोर हुन्छ।

*(खोजमूलक रिपोर्ट पृष्ठ ३ मा)*






ललितपुरको पाटनस्थित कृष्ण मन्दिर परिसरमा शनिबार मोबाइलले सेल्फी लिँदै श्रद्धालु। कृष्ण जन्माष्टमीका अवसरमा यहाँ पूजा र दर्शनका लागि उल्लेख्य संख्यामा श्रद्धालु भेला भएका छन्।
*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# कांग्रेस महाधिवेशन गर्न सामाजिक सञ्जालबाट दबाब !

काठमाडौं (संवाददाता)- नेपाली कांग्रेसका नेता शेखर कोइराला पार्टीको आगामी महाधिवेशनको विषय उठाउँदै सामाजिक सञ्जालबाट पार्टी सभापतिलाई दबाब दिन आग्रह गरेका छन्। नेता कोइरालाले कांग्रेसको आगामी १५औं महाधिवेशनका लागि नेता कार्यकर्तालाई दबाब दिन अह्वाएका छन्।

शनिबार सोलुखुम्बु पुगेका कोइरालाले समयमै महाधिवेशन गर्न सभापति शेरबहादुर देउवालाई दिनदिनै सामाजिक सञ्जालमार्फत दबाब दिन र आवाज उठाउन आग्रह गरे।

'पार्टी नेता तथा कार्यकर्ताले दबाब दिनुपर्ने अवस्था आएको छ। हामी अधिवेशनको संघारमा छौं। छिटोभन्दा छिटो महाधिवेशन नभए कांग्रेस कमजोर हुँदै जान्छ,' उनले भने, 'सबैले हरेक दिन सामाजिक सञ्जालमा समयमै महाधिवेशन हुनुपर्छ भनेर लेख्न थाल्नुस्, दबाब बढाउनुस्।'

कांग्रेस जिल्ला कार्यसमिति सोलुखुम्बुले आयोजना गरेको 'नेपाली कांग्रेसभित्र अपरिहार्यता, सहमति, सहकार्य र एकता आजको आवश्यकता' विषयक अन्तरक्रिया कार्यक्रममा कोइराला पुगेका हुन्। उनले कांग्रेस कमजोर भए लोकतन्त्र कमजोर हुने दाबी गरेका छन्। महाधिवेशन नभएमा त्यसको प्रत्यक्ष असर देशमा पर्ने भएकाले ढिलो गर्न नहुने उनको तर्क छ।



**'पार्टी नेता तथा कार्यकर्ताले दबाब दिनुपर्ने अवस्था आएको छ। हामी अधिवेशनको संघारमा छौं। छिटोभन्दा छिटो महाधिवेशन नभए कांग्रेस कमजोर हुँदै जान्छ।'**

नेता कोइरालाले २०८४ सालपछि मात्रै महाधिवेशन गर्ने भन्ने चर्चा पार्टीभित्र सुनिन थालेकोमा आपत्ति जनाएका छन्। उनले त्यसरी पार्टी चल्न नसक्ने बताएका छन्। उनी आफैं गुटको नेतृत्व गर्दै गुटगत प्रभावमा परेको दाबी गरेका छन्। 'पार्टीको अनुशासन समिति नै गुटगत प्रभावमा परेको छ। पार्टी बैठकको नोट अफ डिसेन्टलाई समेत मान्यता दिइएको छैन,' उनले भनेका छन्।

नेता कोइरालाले पार्टीभित्र सहमति, सहकार्य र संगठनात्मक एकता अनिवार्य रहेको बताएका छन्। एकताको सुरुवात पार्टी सभापतिबाटै हुनुपर्ने उनको तर्क छ। कांग्रेसलाई एकढिक्का बनाउनुपर्ने र समयमै महाधिवेशन हुनुपर्ने उनको भनाइको तात्पर्य थियो।

# साँझपख बदलिन्छ भानुचोक

## धरानको चालचुल बुझ्नेले भानुचोक हेर्‍यो भने यो लाहुरे सहरको विकासको गति मापन गर्न सहज

**संगीता राई**

धरान (सुनसरी)। बिहान उज्यालो भएदेखि बेलुकी अबेरसम्म धरानको भानुचोक यात्रुहरूका लागि मन बहलाउने ठाउँ बनेको छ। भोजपुर, खोटाङ, धनकुटा, ताप्लेजुङ, पाँचथर, विराटनगर, झापालगायतका पहाडी र तराईका जिल्लातर्फ जाने सवारीसाधनको लाइन लाग्ने यो चोकमा दिनभर पनि यात्रुको भीड रहन्छ।

बसका कर्मचारीको चर्को बोलावट, यात्रुहरूको हतार र गाडीका इञ्जिनको गुञ्जनले भानुचोक धरानमा सबैभन्दा व्यस्त चोक बनेको छ। साँझ पर्नासाथ गाडीको चाप घट्छ। सडक छेउका खाली स्थानमा ठेलागाडासहित साना व्यापारी भेला हुन्छन्। सुरु हुन्छ खाजा-चियाको मेलो। साथीभाइ भेटघाट र चिया गफ चल्छ।

यही भीडभाडका बेला धरान-१५ की अमृता श्रेष्ठ ठेला तानेर भानुचोक आइपुग्छिन्। उनले १० वर्षदेखि यही चोकमा मम, चाउमिन र अण्डा रोल बेच्दै आएकी छन्। 'दिनभर घरको काम सकेर साँझपख यही ठेलाबाट व्यापार गर्छु। यही मेहनतले जिन्दगी रमाइलो बनाएको छ,' अमृताले भनिन्। अनुभवले निखारिएको उनको हातले दिनमै सयौं प्लेट मम तयार पारिएको छ। कलेजबाट आउने विद्यार्थीदेखि अफिसबाट फर्कने कर्मचारीसम्म, साँझको खाजाका लागि उनको ठेला गन्तव्य बन्छ। पहिले ३०-३५ रुपैयाँमै मम र चाउमिन बेचिन्थ्यो, अहिले बजार भाउअनुसार ७० रुपैयाँमा बिक्री हुने गरेको उनले बताइन्।

उनले व्यापारका लागि भानुचोकको एउटै कुना रोज्नुभएको छ। ठेलाबाट हुने आम्दानीले छोराछोरीको पढाइदेखि घरखर्चसम्म धानिरहेकी छन्। 'कहिलेकाहीँ व्यापार कमी-बेंसी हुन्छ, तर यो मम ठेलाले दैनिक खर्च सहजै चलाउँछ,' उनले भनिन्।



**कोही मोबाइलबाट भिडियो खिचिरहेका हुन्छन्, कोही फोटो लिँदै रमाइरहेका, त कोही कुनामा गीत गाएर मनोरञ्जन गरिरहेका दृश्य भेटिन्छ।**

अमृता जस्तै पूर्णिमा मगर पनि हरेक साँझ भानुचोकमा मम, चाउमिन र अण्डा, रोल बेच्दै आएकी छन्। उनले यो व्यवसाय थालेको सात वर्ष भयो। महिलाले साँझपख ठेला लिएर सडकमा निस्कनु सजिलो भने थिएन। 'डर लाग्थ्यो, अप्ठ्यारो लाग्थ्यो। तर आजसम्म हिम्मत हारिन। अहिले त बानी परिसक्यो,' पूर्णिमाले भनिन्।

उनले मम बेच्नुअघि करिब चार वर्ष मकै पोल्ने र आलु चप बेच्ने गरेको सुनाइन्। तर आम्दानी राम्रो नभएपछि मम बेच्न थालेको उनले बताइन्। दिनभर घरमै सामग्री तयार पारेर साँझ ५ देखि ६ बजेसम्म भानुचोक आइपुग्छिन्। राति १० बजेसम्म भीडभाड रहन्छ। 'साँझपखको शीतल मौसम, एकै ठाउँ बसेर व्यापार गर्न पाउँदा रमाइलो लाग्छ। मानिस खाजा खान आउँछन्। त्योबेला भानुचोकको वातावरण नै बेग्लै हुन्छ,' उनले भनिन्। व्यवसायबाट हुने आम्दानीले आर्थिक मात्र होइन, आत्मिक सन्तुष्टि र आत्मनिर्भरता पनि मिलेको उनको अनुभव छ।

साँझपखको भानुचोक केबल व्यापारको केन्द्र मात्रै होइन, दिनभरको हतार, धुलो र कोलाहलबाट छुट्कारा पाउने स्थान पनि बनेको छ। चोकका कुनामा रहेका साना चिया पसल, फुटपाथमा राखिएका कुर्सीमा बसेर चटपटे, चाउमिन खाँदै गफ गर्नेको भिडले यसक्षेत्र साँझ रमाइलो बनाउँछ। साँझपख ठेलाको चापसँगै ट्राफिक व्यवस्थापनमा भने चुनौती बढेको ट्राफिक प्रहरी बताउँछन्।

सुनसरी ट्राफिक प्रहरी कार्यालय धरानका प्रमुख प्रहरी निरीक्षक वीरेन्द्र थापाका अनुसार बिहान यात्रुको भीड रहन्छ भने साँझतिर व्यापारी र ग्राहकको चाप अत्यधिक देखिन्छ। 'साँझतिर ठूला सवारी कम भए पनि मोटरसाइकल र साना गाडीहरू जथाभावी पार्किङ गरिन्छ, जसले सडक साँघुरिन्छ र ट्राफिक व्यवस्थापनमा कठिनाइ हुन्छ,' उनले भने।

भानुचोक साँझपख विशेष रूपमा जीवन्त देखिन्छ। दिनभरको गर्मी, कोलाहल, धुलो र हतारबाट थाकेका मानिसका लागि चोक साँझ विश्राम र भेटघाटको थलो बन्ने गर्छ। सडक छेउका चिया पसल, फुटपाथमा राखिएका प्लास्टिकका कुर्सीमा बसेर मानिस चिया, चटपटे, मम, चाउमिन खाँदै गफ गर्ने दृश्य सामान्य देखिन्छ।

भानुचोक साँझतिर युवा जमघट हुने स्थलसमेत बनेको छ। कोही मोबाइलबाट भिडियो खिचिरहेका हुन्छन्, कोही फोटो लिँदै रमाइरहेका, त कोही कुनामा गीत गाएर मनोरञ्जन गरिरहेका दृश्य भेटिन्छ। झिलिमिली बत्तीले चोक अझै आकर्षक बनाउने गरेको छ। भानुचोक ऐतिहासिकता बोकेको ठाउँ पनि हो। ७८ वर्षीय स्थानीयवासी मोहन श्रेष्ठका अनुसार भानुभक्त आचार्यको सालिक राखिएकै कारण चोकको नाम 'भानुचोक' रहन गएको उनले बताए।

'जनआन्दोलनका बेला नाराबाजी, विद्यार्थी र्‍याली, राजनीतिक तथा साहित्यिक गतिविधिका लागि यो चोक प्रमुख ठाउँ थियो,' उनले भने। पहिले भानुचोक आसपास सबै टिनका साना चिया पसल थिए। त्यहीँ बसेर चिया पिउँदै राजनीतिक चर्चा गर्ने चलन थियो, उनले स्मरण गरे। त्योबेला ठेला प्रचलनमा थिएन, अहिले साँझ भानुचोक ठेलाको व्यापारले भरिन्छ। धरानमा लामो समयदेखि पत्रिका बिक्रेता ७५ वर्षीय कृष्णभक्त श्रेष्ठका अनुसार पहिलेको तुलनामा भानुचोक पूरै बदलिएको छ। पहिले चोक सुनसान हुन्थ्यो, अहिले भीड र चहलपहलले पुरानो स्वरूप हराउँदै गएको उनको भनाइ छ।

श्रेष्ठका अनुसार २०४५ सालको विनाशकारी भूकम्पपछि हङकङ र मकाउमा रहेका नेपाली आप्रवासीको पहलमा ५६ लाख रुपैयाँ बराबरको लागतमा भानुचोक नजिकै घण्टाघर निर्माण गरिएको थियो। विसं २०४८ मा निर्माण सम्पन्न भएपछि चोकको स्वरूप परिवर्तन हुँदै गएको उनले बताए। 'घण्टाघर बनेपछि चोक अर्कै भयो। व्यापारिक गतिविधि बढ्न थाले र सहरको गतिको संकेत यहीँबाट पत्ता लाग्न थाल्यो,' उनी सुनाउँछन्।

आधुनिक व्यापारिक भवन, बैंक, खाद्य तथा लत्ताकपडाका पसलहरू, सहरी पूर्वाधार र घण्टाघरजस्ता संरचनाले भानुचोकलाई फरक पहिचान दिएको छ। धरानको चालचुल बुझ्नेले भानुचोक हेर्‍यो भने सहरको विकासको गति बुझ्न सकिन्छ। साँझपख परिवर्तित रूपमा देखिने भानुचोक अहिले साना व्यापारीका लागि राम्रो आम्दानीको गन्तव्य बनेको छ। साथीभाइसँग जमघट हुने र सस्तो खाजाको खोजीमा आउने सर्वसाधारणका लागि पनि यो स्थान सहज र आकर्षक हुँदै गएको छ। रासस

# मेलाको रिबन काट्न झगडा, मेयरको टाउको फुट्यो

चन्द्रपुर (रौतहट)। रौतहटको देवाहीगोनाही नगरपालिकामा मेला उद्घाटन गर्न कसले रिबन काट्ने भन्ने विषयमा परेको झगडामा दोहोरो झडप हुँदा शनिबार नगरप्रमुख प्रेमलाल साह कानुसहित पाँचजना घाइते भएका छन्।

नगरप्रमुख कानु पक्षले आफूले रिबन काटी मेलाको उद्घाटन गर्ने भनिरहँदा अर्को पक्षले औपचारिक उद्घाटनविनै मेला सञ्चालन गर्ने अडान नछाडेपछि विवाद भएको हो। देवाहीगोनाही-९ धरहरीटोलस्थित कृष्ण मन्दिरमा लाग्ने श्रीकृष्ण जन्माष्टमी मेलाको उद्घाटनको विषयलाई लिएर दुई पक्षबीच झडप भएको प्रहरीले जनाएको छ। झडपमा नगरप्रमुख कानु, देवाहीगोनाही-९ का रामविकास साह, श्यामविनय साह, इलाका प्रहरी कार्यालय देवाहीगुनाहीका प्रहरी वरिष्ठ हबलदारद्धय जगदीशराय यादव र धनसुन्दर ठाकुर घाइते भएका इप्रका गरुडाका डीएसपी राजन कार्कीले बताए। उनका अनुसार नगरप्रमुखको टाउकोमा १७ वटा टाँका लागेको छ।

हबलदार यादवको टाउकोमा पाँच र ठाकुरको टाउकोमा चार वटा टाँका लगाइएको कार्कीले बताए। उनका अनुसार अन्य घाइतेहरूको गरुडास्थित बेटर नेपाल अस्पतालमा उपचार भइरहेको छ। उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा देवाहीगोनाही-९ का राधामोहन साह, विनोद साह र रीतिक साह छन्। रासस

# सिरहाको सहलेश युवा क्लबले जित्यो ताप्लेजुङ गोल्डकप

फुङलिङ (ताप्लेजुङ)। तेस्रो अन्तरराष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकपको उपाधि सिरहाको सहलेश युवा क्लबले जितेको छ। शनिबार सम्पन्न फाइनलमा सहलेशले ललितपुरको चर्चब्वाइज युवा क्लबलाई २-० गोल अन्तरले पराजित गरेको हो।

आयोजक लाखेजात्रा सञ्चालक समितिका कोषध्यक्ष दावा शेर्पाका अनुसार ट्रफी, मेडल र प्रमाणपत्रसहित विजेताले ७ लाख २ हजार ८२ रुपैयाँ र उपविजेताले ३ लाख ५० हजार ८२ रुपैयाँ हात परेको छ। रासस

## आजको राशिफल

**मेष** आत्मविश्वास बढ्नेछ। कार्य क्षेत्रमा नयाँ अवसर आउन सक्छन्। साझेदारीको काममा ध्यान दिनु उचित हुनेछ। स्वास्थ्यमा सामान्य उतारचढाव हुन सक्छ।

**वृष** परिवारसँग समय बिताउँदा खुसी मिल्नेछ। आर्थिक पक्ष मजबुत हुने देखिन्छ। नयाँ योजनामा लगानी गर्दा लाभ पाइने सम्भावना छ। स्वास्थ्यप्रति सचेत रहनुहोस् ।

**मिथुन** मित्र वा साथीहरूसँग भेटघाट सुखद रहनेछ। अध्ययन वा यात्रामा लाभ मिल्ने दिन छ। पारिवारिक सहयोग पाइनेछ। अनावश्यक खर्च भने बढ्न सक्छ।

**कर्कट** आलस्यले दैनिकीमा असर पार्न सक्छ। बौद्धिक काममा सफलता मिल्नेछ। मिहिनेतअनुसार परिणाम आउनेछ। पारिवारिक वातावरण सुखद रहने योग छ।

**सिंह** आत्मबल उच्च रहनेछ। नयाँ काम थाल्न समय अनुकूल देखिन्छ। धार्मिक वा सामाजिक क्षेत्रमा रुचि बढ्नेछ। स्वास्थ्य सामान्य रहला।

**कन्या** अनावश्यक विवादमा पर्न सक्ने सम्भावना छ। निर्णय गर्दा धैर्य राख्नु हितकर होला। आर्थिक क्षेत्रमा उतारचढाव आउन सक्छ। स्वास्थ्यमा ध्यान दिनुपर्नेछ।

**तुला** सहयोगीमार्फत लाभका सम्भावना छ। दाम्पत्य सम्बन्ध मधुरता आउनेछ। व्यापार-व्यवसायमा प्रगति हुनेछ। अध्ययन र प्रतिस्पर्धामा सफलता मिल्नेछ।

**वृश्चिक** कामको चाप बढ्न सक्छ, तर मेहनतले नतिजा राम्रो आउनेछ। स्वास्थ्यमा सुधार हुनेछ। आम्दानी बढ्ने योग छ।

**धनु** विद्यार्थी र पेसागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने दिन छ। रमाइलो यात्राको सम्भावना देखिन्छ। प्रेम सम्बन्ध प्रगाढ बन्नेछ। आत्मबल उच्च रहनेछ।

**मकर** पारिवारिक कामका लागि खर्च हुन सक्छ। घरायसी विषयमा समय दिनुपर्नेछ। पुराना योजना पूरा हुने सम्भावना छ। स्वास्थ्य मध्यम देखिन्छ।

**कुम्भ** साझेदारी व्यवसायमा लाभ हुनेछ। साथीसँगको सहयोगले काममा सफलता पाइनेछ। प्रेम सम्बन्ध प्रगाढ होला। दिन उत्साहपूर्ण हुनेछ।

**मीन** काममा मिहिनेत बढी गर्नु पर्नेछ। पारिवारिक सद्भाव बढ्नेछ। आर्थिक क्षेत्रमा सुधार हुनेछ। धर्मकर्ममा मन जानेछ।

# सरकार सम्झौता ...

कुन-कुन पदाधिकारीले गरे भन्ने सरकारबाहिर जनताले मूल्यांकन गर्न पाउने अधिकार छ।

### पहिलो निर्णयको काम

२०८१ असार ३० मा प्रधानमन्त्रीमा नियुक्ति भएका ओलीले कीर्तिपुर क्रिकेट मैदानलाई सुविधा सम्पन्न रंगशाला बनाउने पहिलो निर्णय गरेका थिए। उनले कीर्तिपुर क्रिकेट मैदानमा दर्शक बस्नको लागि प्यारापिट, रात्रिकालीन खेलको लागि फ्लडलाइट निर्माणलगायत आवश्यक संरचना बनाउने निर्णय गरेका थिए। त्यो कामको लागि तीन सय दिनको समयसीमा तोकिएको थियो। प्रधानमन्त्रीको पहिलो निर्णयको समयसीमा कटिसकेको छ।

प्रधानमन्त्री ओलीले बुधबार प्रतिनिधिसभामा बोल्दै क्रिकेट मैदान बनेन भन्नेलाई 'कीर्तिपुर रंगशालाको अवलोकन-भ्रमणका लागि सिफारिस गर्छु' जवाफ दिएका थिए। नेपालले लगातार दुई वर्ष आईसीसी डिजिटल फ्यान इन्गेज्मेन्ट अवार्ड पाएपछि नेपाली क्रिकेटप्रेमी भएको बताएका थिए। उनले युवाहरूको त्यही चाहना बुझेर पहिलो क्याबिनेट बैठकले कीर्तिपुरको क्रिकेट रंगशालामा प्यारापिट बनाउने र फ्लडलाइट जोड्ने निर्णय गरेको संसदमा स्मरण गरेका थिए।

'त्यो काम अहिले अन्तिम चरणमा पुगेको छ। देशैभर क्रिकेट लगायत अन्य खेलकुद संरचनाहरू बनिरहेका छन्,' ओलीले भनेका थिए, 'निर्माणका क्रममा प्रक्रियावादले दिएको झन्झट, अवरोधका गलत मनसायसहित हालिएको मुद्दा र अनपेक्षित मौसमको प्रतिकूलताका बाबजुद कीर्तिपुरको क्रिकेट रंगशाला निर्माण अन्तिम चरणमा पुगेको छ।'

'प्यारापिट बन्यो ?' 'फ्लडलाइट जोडियो ?' प्रश्न गर्नेलाई एकपटक संसदीय समितिका केही माननीय सदस्यले अवलोकन भ्रमण गरे झैं कीर्तिपुर रंगशालाको अवलोकन-भ्रमणका लागि सिफारिस गर्छु। यसपटक, प्यारापिट निर्माण र फ्लडलाइट फिट गर्ने काम सकिएपछि अत्याधुनिक रंगशाला निर्माणको दोस्रो चरणको काम थालिने छ,' उनले भनेका थिए।

### किन सम्झौता ?

प्रधानमन्त्री ओलीका निजी सचिव विनोदबहादुर कुँवरका अनुसार वर्षभरि गरिने कामलाई छिटो र प्रभावकारी बनाउन सम्झौता गरिएको हो। सरकारले जनतालाई जतिसक्दो सेवा, सुविधा दिनु मुख्य काम हो। प्रधानमन्त्री, मन्त्रीहरू दिनहुँ हुने औपचारिक कार्यक्रममा रिबन काट्न जाँदै ठिक्क देखिन्छ। जनताले सरकारबाट पाउनुपर्ने सेवा सुविधा लिन कति सास्ती, कति घुस दिनुपरेको छ भन्ने सरकारको ध्यान गएको देखिँदैन। तर, सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न, प्रारम्भ गरिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधार गर्न कार्यसम्पादन सम्झौता गरिएको बताएको छ।

सरकारले सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र, पासपोर्ट लगायतका जनताका अत्यावश्यक कागज पनि समयमै छापेर दिन सकेको छैन। सवारीचालक अनुमति पत्रको पाँच वर्षे समय गुज्रिँदा पनि सेवाग्राहीले पाउन सकेका छैनन। सरकारी कार्यालयबाट पाउने सेवा समयमै पाउन सकेका छैनन्। कर तिरेर पनि राजधानीमै सडकमा खाल्डाखुल्डीमा सवारीचालक दिक्क छन्। पैदलयात्रीहरू ओभानो बाटो हिँड्न पाएका छैनन्। राष्ट्रिय गौरवका आयोजना पहिलो सम्झौतामा उल्लिखित अवधिमा पुरा हुँदैनन्। पहिलो चरणमा गरिएको निर्धारित रहेको बजेटले लागत पुग्दैन। काममा म्याद थप्दा र बजेट बढाउँदै ठिक्क हुने गरेको छ। यस बीचमा सरकारले सस्तो लोकप्रियताका लागि नयाँ सम्झौताको नाटकले के दिन सक्ला ? जिम्मेवार सचिव विभागीय प्रमुख र कार्यालय प्रमुखहरू नीति नियम र मापदण्ड हुँदाहुँदै बेला कुबेला सरुवा गर्ने र संस्थागत स्मरण अर्थात इन्स्टिच्युसनल मेमोरी कुनै कतै सरकारका कार्यालयमा त के सरकारका उच्चतहमा समेत पाइदैन।

कार्यसम्पादन सम्झौतामा सरकार गठन भएको पहिलो सय दिन (२०८१ कात्तिक ६ गते) सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, दोस्रो सय दिन (२०८१ माघ १७) सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, आर्थिक वर्ष २०८१/०८२ को बाँकी अवधिमा गर्नुपर्ने काम र हासिल हुने उपलब्धिका विषय समावेश छन्।

### कम नम्बर पाएका मन्त्री हटाइएन

गत वर्षको कार्यसम्पादनको आधारमा प्रधानमन्त्री लगायतका सबै मन्त्रीलाई १०० पूर्णांक मान्दै अंक दिइएको थियो। प्रधानमन्त्री आफैंको अंक उत्तीर्णांकभन्दा कम थियो। पूर्णांक पाउने कानून न्याय तथा संसदीय मामिला मन्त्री अजय चौरसियाको काम खासै देखिएन।


भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले सबैभन्दा कम नम्बर पाएका थिए। उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले २६.२५, उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले ३९.२ नम्बर ल्याएका थिए।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङको १८.१५ नम्बर थियो। खानेपानी मन्त्री प्रदीप यादवले २३.३५ नम्बर, तत्कालीन शिक्षा मन्त्री विद्या भट्टराईले २४.५५, तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले २५, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले ८०.५५, रक्षामन्त्री मानवीर राई ५९, गृहमन्त्री रमेश लेखकले ५२.६, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले ४८.१, उर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का ४७.७, परराष्ट्रमन्त्री आरजु राणाले ४२.९, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले ४०.९, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले ३६.६५, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले ३३.३५, कृषि तथा पशुपंक्षी विकास मन्त्री रामनाथ अधिकारीले २९.४, भूमि व्यवस्था, महिला, बालबालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले १०.७ नम्बर पाएका थिए। युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीको १५.३ नम्बर थियो।

यी मन्त्रीहरूले केको आधारमा नम्बर पाए भन्ने जानकारी सार्वजनिक गरिएको थिएन। कम नम्बर ल्याउने मन्त्रीलाई हटाउने वा सचेत बनाउनेबारे सरकारले कुनै कदम चालेको नपाइएको पूर्वसचिव त्रितालको टिप्पणी छ। यसबीचमा शिक्षकहरूको आन्दोलनका बीचमा विद्या भट्टराईले राजिनामा दिएकी थिइन भने संघीय मामिलामन्त्री गुप्ताले आफ्नो घुस प्रकरणको अडियो बाहिर आएर आलोचना बढेपछि राजीनामा दिएका थिए। बाँकी कम नम्बर पाएका मन्त्रीहरूलाई सरकारले जवाफदेही बनाउन सकेन।

ओलीले न विद्या भट्टराईले अचनाक दिएको राजीनामाबारे जनताले चित्त बुझाउने टिप्पणी गरे न त गुप्तामाथि छानबिन र कारबाही गर्न नै चासो दिए। त्यसो त मन्त्री गुप्ताले आफू मुछिएको प्रकरणमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई पनि मुछेका थिए। तर, प्रधानमन्त्री ओलीले अधिकारीको बचाउ गरे। सञ्चारमाध्यमहरूले उक्त मुद्दा जोडतोडसाथ उठाए। सरकारले देखेको नदेखे झैं गरिरह्यो।

# कर छलीमा दलहरू



**मकर श्रेष्ठ/निमजिन इन्भेस्टिगेटिभ**

प्रमुख राजनीतिक दलहरूले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको बेला भोट माग्न मतदाताको घरदैलोमा जानुअघि २०७९ सालमा सार्वजनिक गरेका चुनावी घोषणापत्रका प्रतिबद्धताहरू हुन् यी।

भोट माग्न जानुअघि सुशासन र पारदर्शितामा जोड दिने दलहरू आफैंले भने त्यसको धज्जी उडाएका छन्। दलहरूले सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन पालना गर्ने आश्वासनसहित चुनावी घोषणा पत्र जारी गरेकै वर्ष अर्थात् आर्थिक वर्ष २०७९/०८० मा राज्यलाई तिर्नुपर्ने कर छली गरेका छन्।

दलहरूको लेखा परीक्षण प्रतिवेदनलाई निर्वाचन आयोगले महालेखा परीक्षकको कार्यालयका निर्देशकसहित अरू लेखा परीक्षकबाट परीक्षण गराउँदा दलहरूले कर छली गरेको र दलका लेखा प्रणाली अपारदर्शी पाइएको छ। यसले दलहरूको पारदर्शिताप्रतिको प्रतिबद्धतामाथि नै प्रश्न उठेको छ।

दलहरूले आयोगमा बुझाएका लेखा परीक्षण प्रतिवेदन सार्वजनिक भए पनि त्यसकै आधारमा महालेखाको विज्ञ टिमबाट गराएको लेखा परीक्षण प्रतिवेदन भने आयोगले सार्वजनिक गरेको छैन।

तर, प्रतिवेदनमाथि महालेखाको विज्ञ टिमले औंल्याएका कमजोरीका बारेमा सम्बन्धित दलहरूलाई जानकारी गराएको आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिए।

आयोगले सार्वजनिक नगरेको त्यो गोप्य प्रतिवेदन नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिज्म नेटवर्क (निमजिन) ले फेला पारेर विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/२०८० मा ६२ राजनीतिक दलले घर बहाल कर, सामाजिक सुरक्षा कर र अन्य अग्रिम कर गरी ३४ लाख ९ हजार ८ सय ६६ रुपैयाँ नतिरेको पाइएको छ। जसमा घर बहाल करबापत ३० लाख ६६ हजार ७ सय ४ रुपैयाँ, सामाजिक सुरक्षा करबापत् ३ लाख ९ हजार ९४ रुपैयाँ, अग्रिम कर र अडिट शुल्क ३४ हजार ६८ रुपैयाँ छ।

त्यो प्रतिवेदनअनुसार दलहरूको लेखा प्रणाली अव्यवस्थित र अपादर्शी रहेको, दलका कार्यालयमा कार्यरत कर्मचारीको पारिश्रमिकबाट कर कट्टा गरेको तर त्यो रकम कर कार्यालयमा जम्मा नगरेको, घरबहाल कर नतिरेकोसहितका अनियमितता राजनीतिक दलबाट भएका छन्।

**कर नतिर्नेमा ठूला दल पनि**

निर्वाचन आयोगमा आर्थिक वर्ष २०७९/०८० मा १ सय ३ वटा रजानीतिक दलले वित्तीय विवरण बुझाएका थिए। तीमध्ये कर नतिर्ने ६२ दल छन्। जसमा सरकारमा रहेको नेपाली कांग्रेस, नेकपा एमालेसहित राष्ट्रिय दलको मान्यता पाएका राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी र जनमत पार्टी पनि छन्। त्यही वर्ष प्रतिनिधिसभा र प्रदेशसभा चुनाव भएको थियो र यी दललले राष्ट्रिय दलको मान्यता पाएका थिए।

आर्थिक वर्ष २०७९/०८० मा दलहरूले आयोगमा बुझाएको लेखा परीक्षण प्रतिवेदनलाई महालेखाको विज्ञ टोलीले परीक्षण गर्दा सबैभन्दा बढी कर छली गर्नेमा अहिले सरकारको नेतृत्व गर्ने नेकपा एमालेलाई देखाइएको छ। प्रतिवेदनले औंल्याएअनुसार एमालेले घर बाहल कर मात्रै १८ लाख ३० हजार, पारिश्रमिक कर ४७ हजार ८ सय ४२ गरी १८ लाख ७७ हजार ८ सय ४२ रुपैयाँ कर बुझाएको छैन।

एमालेको २०७९/०८० को लेखा परीक्षण प्रतिवेदनको अनुसूची १३ मा भवन लिजहोल्ड खर्चबापत १ करोड ८३ लाख ८३ हजार ५ सय २० रुपैयाँ खर्च लेखेको छ।

२०७२ सालको भूकम्पपछि धुम्बाराहीस्थित पासाङ ल्हामु प्रतिष्ठानको भवनमा सरेको नेकपा एमाले वैशाख १, २०७८ मा थापाथलीमा रहेको एउटा निजी घरमा भाडामा सरेको थियो। तर त्यो घर साँघुरो भएको भन्दै एक वर्षपछि वैशाख ९, २०७९ मा एमालेको कार्यालय ललितपुरको च्याँसलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा सरेको छ। त्यसयता एमालेको कार्यालय प्रतिष्ठानमै छ।

एमालेका कार्यालय सचिव भीष्म अधिकारीले भने पार्टीले घरभाडा नै तिर्न नपरेको बताए। उनले भने, "हामीले घरभाडा नै तिरेको छैन, बहाल कर कसरी तिर्नु ?" उनले भने।

तर, प्रतिष्ठानका कोषाध्यक्ष बाबुराम थापाका अनुसार भवन प्रयोग गर्न दिएबापत् एमालेले प्रतिष्ठानलाई मासिक 'सहयोग' दिने गरेको छ। "भाडा भनेर दिएको छैन, सहयोगस्वरूप भनेर ४ लाख तिर्छ," उनले भने।

प्रतिष्ठानको भवन मर्मतसम्भार, अध्ययन अनुसन्धानलगायतका शीर्षकमा खर्च गर्ने गरी एमालेले सम्झौताअनुसारको रकम दिने गरेको प्रतिष्ठानका कार्यालय सचिव विष्णु पोखरेलले पनि बताए। प्रतिष्ठानको भवन एमालेले कार्यालय प्रयोजनका लागि प्रयोग गर्नेबारेको समझदारी पत्रमा एमालेका तत्कालीन महासचिव ईश्वर पोखरेल र प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्यले कात्तिक ७, २०७८ मा हस्ताक्षर गरेका थिए।

त्यो वर्ष अर्थात् २०७९/०८० कर्मचारीको पारिश्रमिकमा ४५ लाख ८४ हजार रुपैयाँ खर्च गरेको छ। यही खर्चका आधारमा सरकारलाई तिर्नुपर्ने कर नतिरेको भन्दै विज्ञ टोलीको प्रतिवेदनमा कर असुल गर्नुपर्ने कैफियत लेखेको हो।

एमालेका कार्यालय सचिव भीष्म अधिकारीले पार्टीले तिर्नुपर्ने कुनै कर बाँकी नरहेको दाबी गरे। हामीले उनलाई निर्वाचन आयोगले महालेखाका विज्ञ प्रयोग गरेर प्रतिवेदन तयार गरेको र त्यसमा कर तिर्न बाँकी रहेको रहेछ नि भनेर जानकारी गराएका थियौं।

त्यसको भोलिल्ट उनले नै सम्पर्क गरेर हामीलाई भने, "महालेखा र निर्वाचन आयोगले रिपोर्ट तयार गर्नुअघि एक पटक सोधेको भए हुन्थ्यो, तपाईंहरूले जानकारी गराएपछि हामीले सोधखोज गर्‍यौं, त्यसपछि मात्रै हामीले कर तिर्नुपर्ने विवरणसहितको प्रतिवेदनको बारेमा बल्ल थाहा पायौं।"

कर्मचारीको पारिश्रमिकमा कट्टा गरिएको एक प्रतिशत कर मासिक बुझाउने गरेको उनले दाबी गरे।

सुशासनको पक्षमा सडक र सदनमा आवाज उठाउँदै आएको रास्वपाले पनि बहाल करबापत् ३ लाख २४ हजार ४ सय ९६ रुपैयाँ, पारिश्रमिक/सामाजिक सुरक्षा करबापत् ७५ हजार ५ सय १९ रुपैयाँ गरी ४ लाख १५ रुपैयाँ कर नबुझाएको विज्ञ टोलीले औंल्याएको छ।

७ असार, २०७९ मा घोषणा भएको रास्वपाको केन्द्रीय कार्यालय वसुन्धराबाट ७ असार, २०८० मा वनस्थलीमा सरेको थियो।

रास्वपाकी कोषाध्यक्ष लिमा अधिकारीले भने २०७९/०८० मा तिर्न बाँकी घरबहाल कर पछिल्लो वर्षमा तिरेको बताइन्। "अघिल्लो वर्ष तिर्न बाँकी कर हामीले वडा कार्यालयमा तिरिसक्यौं," उनले भनिन, "कति तिर्‍यौं भन्नेचाहिँ तपाईंलाई देखाउन मिल्दैन।"

काठमाडौं महानगरपालिका १६ नम्बर वडा कार्यालय स्रोतका अनुसार रास्वपाले गतवर्ष (२०८०/०८१) देखि मासिक ३ लाख रुपैयाँको १० प्रतिशत घरबहाल कर तिर्ने गरेको छ।

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची ६ को बुँदा नम्बर ६ मा बहाल रकमको वार्षिक १० प्रतिशतका दरले बहाल कर लाग्ने उल्लेख छ।

कर नतिर्नेमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र अर्का पूर्वप्रधानमन्त्री झलनाथ खनालको दल नेकपा एकीकृत समाजवादी पनि छ। उसले घरबाहल कर मात्रै ४ लाख २६ हजार र पारिश्रमिक कर २० हजार ६ सय ३५ रुपैयाँ तिर्न बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ। पार्टीका लेखा शाखाका कर्मचारी खेम पौडेलले २०७९/०८० मा पार्टीले तिर्नुपर्ने घरबाहल कर पुस २ ९, २०८० मा तिरिसकेको बताए। "हामीले जेजति तिर्नुपर्ने कर हो, त्यो तिरिसकेका छौं," उनले भने।

एकीकृत समाजवादीले २०७९/०८० मा ४२ लाख ६० हजार रुपैयाँ घरभाडाबापत् तिरेको लेखा परीक्षण प्रतिवेदनमा खर्च लेखेको छ।

महानगरको कानुनअनुसार समाजवादीले ४ लाख २६ हजार कर तिर्नुपर्ने हो। तर, निमजिनले प्राप्त गरेको कर तिरेको रसिदअनुसार उसले ३ लाख ६० हजार मात्रै कर तिरेको छ। काठमाडौं महानगरको ३१ नम्बर वडामा उसको केन्द्रीय कार्यालय छ।

कांग्रेसले कर्मचारीको तलबमा कट्टा गरेको कर ७ वर्षसम्म तिरेन

महालेखाका विज्ञ टोलीले तयार पारेको प्रतिवेदनअनुसार नेपाली कांग्रेसले आर्थिक वर्ष २०७९/०८० मा कर्मचारीको पारिश्रमिक/सामाजिक सुरक्षा करबापत्को १ लाख १ हजार १ सय ४५ रुपैयाँ बुझाएको छैन।

तर हामीले खोजी गर्ने क्रममा कांग्रेसले कार्यालयका कर्मचारीको तलबबाट कट्टा गरेको कर ७ वर्षदेखि नतिरेको पायौं। कांग्रेस पार्टी कार्यालयका लेखापाल रविन बज्राचार्यले यसलाई स्वीकार गर्दै भने, "पछिल्लो सात वर्षदेखिका कर्मचारीको पारिश्रमिकको एक प्रतिशत कर यो वर्षभित्र तिर्ने योजना रहेको छ।"

नेपाली कांग्रेसले आर्थिक वर्ष २०७९/०८० मा कर्मचारीको तलब, ज्याला र उपदानमा १ करोड २० लाख ४ हजार ५ सय रुपैयाँ खर्च गरेको उसको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ।

गतवर्ष नै तिर्ने तयारी गरेको भए पनि सिस्टममा समस्या भएपछि कसको कति कर तिर्ने भन्ने यकिन नभएकाले ढिला भएको उनले बताए।

कांग्रेसले जेठ २४, २०८० मा कर कार्यालयबाट प्यान नम्बरसमेत लिइसकेको उनले बताए। लेखापाल रविनले महालेखाले करका बारेमा औंल्याएको विषयमा पार्टी कार्यालय जानकार रहेको र उसले तिर्नुपर्ने भनेको रकम दायित्वमा नै राखेको बताए।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले पार्टीले तिर्नुपर्ने कुनै कर छुट भएको हुन सक्ने बताए। "निर्वाचन आयोगबाट कुनै त्यस्तो जानकारी त आएको छैन, पार्टीले तिर्नुपर्ने कर छुट लिने भन्ने पनि हुँदैन," उनले भने, "तिर्न बाँकी देखाएको कर तिर्न तयार छौं, कर छली गर्ने पार्टीको नियत छैन।"

२०७९ सालको चुनावमा पहिलोपल्ट भाग लिएर राष्ट्रिय पार्टी बनेको जनमत पार्टीले पनि बहाल करबापत्को ७८ हजार नतिरेको प्रतिवेदनमा उल्लेख छ। जनमत पार्टीका अध्यक्ष सीके राउतले पार्टीले तिर्नुपर्ने करको बारेमा जानकारी भए पनि प्राविधिक कारणले ढिलाइ भएको बताए। "पोहोर नै तिर्ने भनेका थियौं, केही समस्या भएकाले ढिलाइ भएको हो," उनले भने।

यस्तै, जनता समाजवादी पार्टीले १ हजार २ सय ७५ तिरेको छैन भने नागरिक उन्मुक्ति पार्टीले पारिश्रमिक कर ८ हजार र टीडीएसबापत्को ७ सय ५० समेत गरी ८ हजार ७ सय ५० रुपैयाँ कर नतिरेको प्रतिवेदनमा उल्लेख छ।

नागरिक उन्मुक्ति पार्टीका नवनियुक्त अध्यक्ष लालवीर चौधरीले पार्टीले तिर्नुपर्ने करका बारेमा जानकारी नभएको बताए। उनले भने, "भर्खर जिम्मेवारी सम्हालेको छु, कहाँ कति तिर्नुपर्नेछ, बुझेर तिर्छौं।"

रञ्जिता श्रेष्ठलाई हटाएर नागरिक उन्मुक्तिले साउन १५, २०८२ मा लालवीरलाई अध्यक्ष बनाएको थियो।

राष्ट्रिय प्रजातन्त्र पार्टीले कर्मचारीको पारिश्रमिकको १ प्रतिशतले हुन आउने १७ हजार रुपैयाँ कर बुझाएको छैन। राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता उपाध्यक्ष ध्रुवबहादुर प्रधानले पारिश्रमिक कर तिर्ने गरी कसैले पनि तलब नखाने भएकाले कट्टा नगरेको दाबी गरे। "स्वयंसेवकको रूपमा काम गरिरहेका हुन्छन्, पकेटमनी मात्रै पाउँछन्," उनले भने, "सुरक्षागार्डले बाहेक कर तिर्ने गरी कसैले पनि तलब पाउँदैनन्, त्यसैले कर नबुझाएका हौं।"

निर्वाचन आयोगमा राप्रपाले बुझाएको २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनमा कर्मचारीको तलबमा २६ लाख २६ हजार खर्च लेखेको छ।

**कानुनमा के छ ?**

आयकर ऐन २०५८ को दफा २ को (ध) (२) मा निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दललाई कर छुट पाउने संस्थाको रूपमा उल्लेख गरिएको छ। यही दफामा छुट पाउने संस्थाको उद्देश्यअनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा त्यस्तो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवाबापत्को कुनै भुक्तानी गर्दाबाहेक त्यस्तो संस्थाको सम्पत्ति र त्यस्तो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई फाइदा पुर्‍याएको भए त्यस्तो संस्थालाई कर छुट नहुने स्पष्ट छ।

आयकर नियमावलीको नियम २३ मा ऐनको परिच्छेद १७ अन्तर्गत करकट्टी गर्नुपर्ने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन वा करकट्टीअगावै स्थायी लेखा नम्बरका लागि आन्तरिक राजस्व विभागमा आवेदन दिनुपर्ने उल्लेख छ। दलहरूले ऐन र नियमावलीअनुसार स्थायी लेखा नम्बर लिई भुक्तानीमा लाग्ने अग्रिम कर, सामाजिक सुरक्षा कर तथा पारिश्रमिक करकट्टी गरी ईटीडीएस नगरेको विज्ञ टोलीको प्रतिवेदनले औंल्याएको छ।

"भुक्तानी लाग्ने करकट्टी गरेको प्रमाण पेस नगरेको र कतिपय दलको वित्तीय विवरणमा अग्रिम करकट्टीको रकम भुक्तानी गर्न बाँकी दायित्वअन्तर्गत देखाइएकोमा सो दाखिला गरेको प्रमाण पेस गरेको देखिएन," महालेखाको विज्ञ टोलीले तयार पारेको गोप्य प्रतिवेदनमा भनिएको छ।

**दल र नागरिकलाई फरक कानुन किन ?**

महालेखा परीक्षकको कार्यालयका पूर्वकार्यवाहक महालेखा परीक्षक सुकदेव भट्टराई खत्रीले सर्वसाधारणले कर तिर्ने र दललाई छुट दिने व्यवस्था गर्न नहुने बताए।

"जनतालाई जे व्यवस्था हुन्छ, देशको नेतृत्व गर्ने दलहरूलाई पनि त्यही लागू हुनुपर्छ," उनी भन्छन्, "आर्थिक ऐन र आयकर ऐनले नै छुट दिने भनेको बाहेकमा कर तिर्नै पर्नेहुन्छ, संसद्मा कानुन बनाउने भएपछि जे पनि हुन्छ भन्ने हुँदैन।"

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले दलहरूले बुझाएको लेखा परीक्षण प्रतिवेदन आयोगले तोकेको ढाँचामा नपाइएको बताए। "दलहरूले लेखा परीक्षण प्रतिवेदन त बुझाएका छन्, तर हामीले जुन ढाँचामा हुनुपर्छ भनेका छौं, त्यसअनुसार पाइएन," उनले भने, "कमजोरी देखिए जतिको सुधार गर्न निर्देशन दिइसकेका छौं, निर्देशनको पालना गर्नु दलको दायित्व हुन्छ।"

दललाई दिएको निर्देशन पालना भए/नभएको पछिल्लो वर्ष बुझाएको लेखा परीक्षण प्रतिवेदनबाट मात्रै थाहा हुने उनले बताए।

विगतको जस्तै यस वर्ष पनि दलहरूले बुझाएको लेखा परीक्षण प्रतिवेदनलाई महालेखामार्फत पुनःपरीक्षण गराउने तयारी रहेको उनले बताए।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ४० को उपदफा १ मा दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब देखिने गरी लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तो लेखा विद्युतीय अभिलेखमा पनि राख्न सकिने ऐनमा उल्लेख छ। लेखाको अभिलेख निर्वाचन आयोगले तोकेको ढाँचामा हुनुपर्ने, दलको हिसाब हेर्ने पदाधिकारीका बारेमा आयोगलाई जानकारी दिनुपर्ने ऐनमै उल्लेख छ।

यसैगरी, दलले राखेको हिसाब आयोगले तोकेको अधिकृत वा विशेषज्ञमार्फत माग गर्न वा निरीक्षण गराउन सक्ने कानुनी प्रावधान छ। ऐनअनुसार दलहरूले आर्थिक वर्ष सकिएको ६ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण गराई एक महिनाभित्र आयोगमा पेस गर्नुपर्ने हुन्छ।

ऐनको दफा ४२ मा दलले बुझाएको प्रतिवेदन कानुनले तोकेको ढाँचामा भए/नभएको जाँच गराउन सकिने व्यवस्थालाई टेकेर आयोगले महालेखामार्फत पछिल्लो दुई वर्षयता परीक्षण गराउँदै आएको हो। "दलको लेखा प्रणाली पारदर्शी बनाउन आयोगले जुन काम गरिरहेको छ, यसले सुधार हुँदै गएको पनि देखिन्छ," पूर्वकार्यवाहक महालेखा परीक्षक सुकदेवले भने।

जरिवाना तोक्न आतुर, पारदर्शिता कायम गराउन फितलो

निर्वाचन आयोगले तोकेको समयमा निर्वाचन खर्च विवरण नबुझाउने दलका उम्मेदवारलाई जरिवाना गर्दै आएको छ। स्थानीय तह निर्वाचनको खर्च विवरण नबुझाउने उम्मेदवारहरूलाई जरिवाना तोक्दै आयोगले सूची नै सार्वजनिक गरेको थियो। आयोगले सार्वजनिक गरेको सूचीअनुसार २४ अर्ब रुपैयाँभन्दा धेरै जरिवाना तोकिएको थियो।

निर्वाचन परिणाम सार्वजनिक भएको मितिले ३० दिनभित्र खर्च विवरण नबुझाएको भन्दै १ लाख २३ हजार ६ सय ५० जना उम्मेदवारबाट आयोगले २४ अर्ब ६३ करोड ८८ लाख रुपैयाँ असुल्न असोज ६, २०७९ मा सूचना निकालेको थियो।

जरिवाना नतिर्ने उम्मेदवारले ६ वर्षसम्म निर्वाचनमा भाग लिन नपाउने भनेपछि धेरैले जरिवाना बुझाएका पनि थए। तर काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले दायर गरेको रिटमा सुनुवाइ गर्दै ४ फागुन, २०७९ मा सर्वोच्च अदालतले जरिवाना तिराउने निर्णय कार्यान्वयन नगर्न आयोगलाई अन्तरिम आदेश दिएको थियो।

४ फागुन, २०७९ मै बसेको मन्त्रिपरिषद् बैठकले आयोगले तोकेको जरिवाना रकम मिनाहा गर्न तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष सिफारिस गरेको थियो। त्यो सिफारिसअनुसार राष्ट्रपतिले ५ फागुन, २०७९ मा संविधानको धारा २७६ अनुसार जरिवाना मिनाहा गरेकी थिइन्।

सर्वोच्च अदालतले फागुन २३, २०८० मा बालेन्द्र शाहले दायर गरेको रिट पनि खारेज गरिदिएको छ।

आयोगले स्थानीय तहका उम्मेदवारलाई जस्तै निर्वाचन खर्च विवरण पेस नगरेको भन्दै प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारलाई पनि १५ हजार रुपैयाँ जरिवाना तोकेको छ। आयोगले प्रतिनिधिसभातर्फ १ हजार ३७ र प्रदेशसभातर्फ १ हजार ३ सय ९८ समेत गरी २ हजार ४ सय ३५ उम्मेदवारलाई जनही १५ हजारका दरले कुल ३ करोड ६५ लाख २५ हजार जरिवाना तोकेकोमा त्यो रकम उठ्न बाँकी रहेकाले उठाउन महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदनमा सुझाव दिइएको छ।

आयोगले उम्मेदवारलाई जरिवाना तिराउन जसरी ताकेता गरेको थियो, त्यसैगरी दलहरूबाट कर तिराउन भने ताकेता नगरेको गोप्य प्रतिवेदनमा उल्लेख छ।

विज्ञ टोलीले कर नतिर्ने दलबाट असुल गर्नुपर्ने कर रकमसहितको सूची उपलब्ध गराए पनि आयोगले यसबारे दललाई जानकारी मात्रै गराएको छ। आयोगका कार्यवहाक प्रमुख निर्वाचन आयुक्तको भनाइअनुसार कर तिराउन आयोगले ताकेता भने गरेको छैन।

*(पत्रकार श्रेष्ठले यो रिपोर्ट निमजिमको सहयोगमा तयार गरेका हुन्।)*

| क्र.सं. | पार्टीको नाम | निर्वाचन चिन्ह | बहाल कर | पारिश्रमिक/सामाजिक कर | टीडीएस | लेखापरीक्षण | कुल |
|---|---|---|---|---|---|---|---|
| 1 | नेपाल कम्युनिष्ट पार्टी एमाले | | १८३०००० | ४७८४२ | ० | ० | १८७७८४२ |
| 2 | नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी | | ४२६००० | २०६३५ | ० | ० | ४४६६३५ |
| 3 | राष्ट्रिय स्वतान्त्र पार्टी | | ३२४४९६ | ७५५१९ | | | ४०००१५ |
| 4 | नेपाली कांग्रेस | | ० | १०११४५ | | | १०११४५ |
| 5 | जनमत पार्टी | | ७८००० | | | | ७८००० |
| 6 | विवेकशील साझा पार्टी | | ४८७३३ | ६६८८ | | | ५५४२१ |
| 7 | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | | ३०००० | | | | ३०००० |
| 8 | तराई मधेस लोकतान्त्रिक पार्टी नेपाल | | ० | | २८३५० | | २८३५० |
| 9 | आधुनिक नेपाल समाजवादी पार्टी | | २४००० | १५६० | | ७५ | २५६३५ |
| 10 | राष्ट्रिय प्रजातन्त्र पार्टी | | ० | १७०५० | | | १७०५० |
| 11 | राप्रपा नेपाल | | ८००० | ७४४० | | | १५४४० |
| 12 | जनप्रजातान्त्रिक पार्टी नेपाल | | १३५०० | | | ७५० | १४२५० |
| 13 | त्रिमुल नेपाल केन्द्रीय समिति | | १३८०० | | | | १३८०० |
| 14 | नेपाल मजदुर किसान पार्टी | | ० | १३४६० | | | १३४६० |
| 15 | नेपाल संघीय समाजवादी पार्टी नेपाल | | १२००० | ६५५ | | | १२६५५ |
| 16 | नेपाल कम्युनिष्ट पार्टी राष्ट्रवादी | | १२००० | ५५० | | | १२५५० |
| 17 | राष्ट्रवादी एकता पार्टी | | १२००० | ३६० | | | १२३६० |
| 18 | नेपाल सुशासन पार्टी | | १२००० | | | ७५ | १२०७५ |
| 19 | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | | १२००० | | | | १२००० |
| 20 | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | | १२००० | | | | १२००० |
| 21 | नेपाल समावेशी पार्टी | | १२००० | | | | १२००० |
| 22 | नेपाली कांग्रेस बी.पी. | | १२००० | | | | १२००० |
| 23 | बहुजन शक्ति पार्टी नेपाल | | १०२०० | | | | १०२०० |
| 24 | राष्ट्रिय नागरिक पार्टी | | १०२०० | | | | १०२०० |
| 25 | राष्ट्रवादी एकता पार्टी प्रजातान्त्रिक | | ९६०० | | | | ९६०० |
| 26 | राष्ट्रिय जनता पार्टी नेपाल | | ८५०० | ७५० | | १३३ | ९३८३ |
| 27 | नागरिक उन्मुक्ति पार्टी | | ० | ८००० | ७५० | | ८७५० |
| 28 | संघीय खुम्बुवान लोकतान्त्रिक पार्टी नेपाल | | ८६०० | | | | ८६०० |
| 29 | नेपाल लोकतान्त्रिक पार्टी | | ६००० | १२०० | | | ७२०० |
| 30 | नेपाली जनता दल | | ७२०० | | | | ७२०० |
| 31 | राष्ट्रिय जनमुक्ति पार्टी | | ६००० | | | १०५० | ७०५० |
| 32 | अखण्ड सुदुरपश्चिम पार्टी नेपाल | | ६२०० | | | | ६२०० |
| 33 | चुरे भाबर लोकतान्त्रिक पार्टी | | ६००० | | | | ६००० |
| 34 | देशभक्त लोकतान्त्रिक पार्टी नेपाल | | ६००० | | | | ६००० |
| 35 | जनजागरण पार्टी नेपाल | | ६००० | | | | ६००० |
| 36 | किरात खुम्बुवान साझा पार्टी | | ६००० | | | | ६००० |
| 37 | नेपाः राष्ट्रिय पार्टी | | ६००० | | | | ६००० |
| 38 | नेपाल परिवार दल | | ६००० | | | | ६००० |
| 39 | राष्ट्रिय मुक्ति आन्दोलन नेपाल | | ६००० | | | | ६००० |
| 40 | समावेशी समाजवादी पार्टी नेपाल | | ६००० | | | | ६००० |
| 41 | सामाजिक एकता पार्टी | | ६००० | | | | ६००० |
| 42 | शिवसेना नेपाल | | ६००० | | | | ६००० |
| 43 | ताम्सालिङ लोकतान्त्रिक पार्टी | | ६००० | | | | ६००० |
| 44 | नयाँ पार्टी नेपाल | | ५००० | ७५० | | | ५७५० |
| 45 | राष्ट्रवादी केन्द्र नेपाल | | ४८०० | | | | ४८०० |
| 46 | संघीय विकासवादी पार्टी नेपाल | | ४८०० | | | | ४८०० |
| 47 | आम जनता पार्टी | | ३६०० | | ७५० | | ४३५० |
| 48 | मितेरी पार्टी नेपाल | | ३६०० | | | | ३६०० |
| 49 | नेपाल जन एकता पार्टी | | ३६०० | | | | ३६०० |
| 50 | राष्ट्रवादी युवा मोर्चा | | ३६०० | | | | ३६०० |
| 51 | संघीय लोकतान्त्रिक मञ्च थरुहट | | ३६०० | | | | ३६०० |
| 52 | नेपाल कम्युनिष्ट पार्टी माक्सवादी लेलिनवादी | | ० | २७३० | | | २७३० |
| 53 | जनता समाजवादी पार्टी नेपाल | | १२७५ | | | | १२७५ |
| 54 | नागरिक शक्ति नेपाल | | ० | १२५० | | | १२५० |
| 55 | नेपालका लागि नेपाली पार्टी | | ० | | १२३५ | | १२३५ |
| 56 | नेपाल ग्रिन्स पार्टी | | १२०० | | | | १२०० |
| 57 | नेपाल कम्युनिष्ट पार्टी परिवर्तन | | ० | ९०० | | | ९०० |
| 58 | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) माओवादी,समाजवादी | | ० | | | ७५० | ७५० |
| 59 | समाजवादी केन्द्र नेपाल | | ६०० | | | | ६०० |
| 60 | पिछडावर्ग निषाद दलित जनजाति पार्टी | | ० | ३६० | | | ३६० |
| 61 | राष्ट्रिय समाजवादी पार्टी नेपाल | | ० | २५० | | | २५० |
| 62 | जनता प्रगतिशील पार्टी नेपाल | | ० | | १५० | | १५० |

## सम्पादकीय

# विषाक्त मदिराको मार

*कुवेतमा केही दिनअघि विषाक्त मदिरा सेवनका कारण १६ नेपालीको मृत्यु भएको खबरले सबैलाई दुःखी बनाएको छ। कुवेतस्थित नेपाली दूतावासले उक्त दुःखद घटनामा ३५ जना नेपाली नागरिक अस्पताल भर्ना भएको जनाएको छ।*

*समाचारमा आएअनुसार कुवेतमा अवैधरूपमा उत्पादित घरेलु मदिरा सेवन गर्दा ती नेपालीहरूको मृत्यु भएको बताइएको छ। त्यस्ता मदिरामा प्रायः मेथानोल नामक विषादीयुक्त रसायनको प्रयोग हुन्छ। मेथानोलको उपयोग इन्धन, रंग, रसायन वा कडा फोहोर सफा गर्ने पदार्थ हो। तर सस्तो र सजिलो तरिकाले रक्सी बनाउन यसको प्रयोग गरिँदा मान्छेले अनाहकमा ज्यान गुमाउन बाध्य हुनुपरिरहेको छ। मेथानोलयुक्त मदिरा सेवन गर्दा शरीरमा गम्भीर प्रतिक्रिया हुन्छ, जसले आँखाको दृष्टि गुम्ने, मस्तिष्कले काम गर्न नसक्ने, कलेजो र मृगौंलाले काम गर्न नसक्ने र अन्ततः मृत्यु हुने सम्भावना उच्च हुन्छ।*

*कुवेतमा मदिरा सेवन प्रतिबन्धित छ र यसको उल्लंघन गर्नेले कडा सजायको भागीदार हुनुपर्छ। तर, प्रवासी नेपाली लगायतले अवैधरूपमा घरेलु मदिरा बनाउने र सेवन गर्ने गर्दा ज्यान जोखिममा पर्ने गरेको छ। विषादीयुक्त मदिरा प्रयोगको मुख्य कारण हो, सस्तो, सजिलो र लुकाउन सकिने उत्पादन। विशेषतः कुवेतमा मदिरा खरिद-बिक्री गैरकानूनी भएकाले पनि त्यहाँ मानिसहरू घरेलुरूपमा यस्तो रक्सी उत्पादन गर्ने गर्दछन्। यस समस्याको समाधान सहज नहोला, तर यसलाई त्यत्तिकै छोड्न पनि मिल्दैन। एउटा त श्रमिक समुदायमा व्यापक सचेतना अभियान चलाउनु नै उपयुक्त हुन्छ। त्यो कामलाई प्रविधिको उपयोगले सहज बनाउने हुँदा, चाँडै गर्न सकिने त्यो काममा कुनै विलम्ब गर्नु मनासिव हुँदैन। त्यसबाहेक राजदूतावासले प्रवासी नेपालीहरूलाई सुरक्षित रहन प्रोत्साहित गर्नु उसको दायित्व पनि हो। प्रवासमा रहेको श्रमिकहरूका सामाजिक वृत्तलाई क्रियाशील बनाई मदिरा सेवनजस्ता जोखिमपूर्ण व्यवहारबाट सुरक्षित रहन प्रोत्साहित गर्नुपर्दछ।*

*विषादीयुक्त मदिरा सेवनले पार्ने प्रभाव एक व्यक्तिमा मात्र सीमित हुँदैन, यो त परिवार, समाज र राष्ट्रको भविष्यलाई गम्भीर असर पार्ने विषय हो। एक त नेपाली युवाहरू रोजगारीको लागि विदेशिनु दुःखद छ, अर्कोतिर विदेशिएका युवापुस्ता विषाक्त मदिरा सेवनका कारण परदेशमा मृत्युवरण गर्न पुग्नु झन् पीडादायी छ। घरको बनिबुतोको आधार बनेका ती युवाहरूको यस्तो दुःखद समाचारले तीनको परिवारमा कत्रो वज्रपात पुर्‍याउला ? यो पीडाका एक होइन, अनेक दुःखद आयाम छन्।*

*नेपालमा पनि बेलाबेलामा विषाक्त मदिराको मारमा परेर मानिसहरूले अनाहकमा ज्यान गुमाएको दुःखद समाचारहरू प्रकाशित हुने गरेको छ। एक त मदिरा सेवन आफैंमा हानीकारक छ, त्यसमाथि पनि विषाक्त मदिरा सेवन त सोझै विषपान सरह हो। कुवेतमा घटेको यस घटनाले विदेशी भूमिमा पसिना बगाउन बाध्य युवा शक्तिहरूलाई रोजगार सम्बन्धी जोखिम मात्र नभएर विषाक्त मदिराको जोखिम पनि रहेको पुष्टि भएको छ। ती युवा शक्तिलाई कसरी विषाक्त मदिराको जोखिमबाट जोगाउन सकिन्छ भन्ने विषयमा सम्बन्धित निकायले बेलैमा ध्यान दिनुपर्ने देखिन्छ।*

*कुवेतमा १६ नेपालीले विषाक्त मदिरा सेवन गरेर ज्यान गुमाएको घटनाले हामीलाई अब सतर्क हुनुपर्छ भन्ने ठूलो पाठ पठाएको छ। यसै पनि विदेशमा काम गर्दाका बखतमा विभिन्न घटना, दुर्घटनामा परेर नेपालीहरूले ज्यान गुमाउने क्रम बढ्दो छ। त्यस क्रममा विषाक्त मदिरा पनि श्रमिक नेपालीको मृत्युको कारक बन्न पुग्यो भने त्यो कसैगरी सह्य हुन सक्दैन। जुन कुरालाई रोक्दा भवितव्य हुँदैन भने त्यो कुरा रोक्नलाई सबै क्षेत्र र तहबाट प्रयत्न हुनुपर्दछ। यो उनीहरूको ज्यान जोखिम, परिवारको विचल्ली र राष्ट्रको बेइज्जतीको कुरा पनि हो। त्यसैले, रोजगारीमा जानुअघि सरकारले उनीहरूलाई विशेष परामर्श दिने व्यवस्था गर्नुपर्छ।*

## जेन कथा

# ‘अँ...शायद’



कुनै गाउँमा एउटा किसान बस्थ्यो। ऊसँग एउटा घोडा थियो। एक दिन त्यो घोडा बाँधिएको डोरीसमेत चुँडालेर भाग्यो।

यो खबर सुनेर किसानका छिमेकीहरू उसको घर आए। घटनामाथि सबै छिमेकीले दुःख व्यक्त गर्दै भने, ‘साह्रै नराम्रो भयो।’

किसानले जवाफमा भन्यो, ‘अँ... शायद नराम्रो नै भयो होला।’

भोलिपल्ट किसानको भागेको घोडा फर्किएर आयो र आफूसँगै तीन वटा जंगली घोडालाई पनि लिएर आयो।

किसानकहाँ छिमेकीहरू पुनः आए। सबैले घोडा फर्किएकोमा खुसी व्यक्त गरे। उनीहरूको कुरा सुनेर किसानले भन्यो, ‘अँ... शायद यो खुसीकै कुरा होला।’

दिन बित्दै जाँदा एक दिन किसानको एक्लो सन्तान जंगली घोडामाथि चढ्ने प्रयास गर्दा घोडाबाट झर्‍यो र गोडा भाँच्यो।

किसानका छिमेकीहरू उसका घरमा सहानुभूति प्रकट गर्न आए। किसानले उनीहरूको कुरा सुनिसकेपछि भन्यो, ‘अँ... शायद।’

केही दिनमै सेनाका अधिकारी गाउँ आए र गाउँका सबै जवान केटाहरूलाई जबरजस्ती सेनामा भर्ती गर्न लिएर गए। किसानको छोरोको गोडा भाँचिएका कारण सेनाले उसलाई घरैमा छाडिदिए।

यो देखेपछि छिमेकीहरू किसानकहाँ आए र सेनाले उनको छोरा नलगेकामा बधाइ दिए। त्यसको जवाफमा किसानले यति मात्र भने, ‘अँ... शायद ।’

*– अच्युत कोइराला*

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# सत्ताको अहंकार र भ्रम



news 24 दैनिक

**नरेन्द्रजंग पिटर**

जब कुनै प्रवृत्ति व्यापकरूपमा विकास हुन्छ, त्यो राष्ट्रिय राजनीतिको चरित्र बन्छ। आज नेपाली सत्ता राजनीतिको मूल चरित्र सिद्धान्त, विचार वा आदर्शमा आधारित छैन; यो अहंकारी, अन्धविश्वासी र भ्रमित छ। यसका उदाहरणहरू स्पष्ट छनः पार्टीभित्रको प्रजातन्त्र मरेको छ। आलोचनात्मक चेत ध्वस्त भएको छ। कार्यकर्ताको परिचय हुकमदासमा फेरिए। विश्वासको क्षयले नेता र पार्टीप्रति उदासीनता बढाएको छ। गर्वका साथ “म पार्टी कार्यकर्ता हूँ” भन्दै तथ्यसहित तर्क गर्नेहरू विरलै भेटिन्छन्। सत्तालाई ‘डीप स्टेट’ले नियन्त्रण गर्छ। यस्तो बेला प्रजातन्त्र क्लेप्टोक्रेसीमा फेरिन्छ।

अहंकारी, भ्रमित, पाखण्डी र विचारको शासकीय केन्द्र सिंहदरबार हो। दरबारभित्र र बाहिर, सडकदेखि सत्तासम्म यस्ता सहयात्रीहरू छ्यासछ्यास्ती भेटिन्छन्। युद्धको ताप र चापले रापिएको बेला म स्वयं सिंहदरबारस्थित सञ्चार मन्त्रालयमा थिएँ। मैले सत्ताका हुने, गर्ने र देखिने पक्ष छर्लंग देख्न पाएँ। त्यो बेला युद्धको घमासान र सिंहदरबारको संस्कृतिको तालमेल मिलाउन असम्भवजस्तै थियो। विद्रोही मनोविज्ञान र पुराना सत्ताधारीबीचको शीतयुद्ध चरमोत्कर्षमा थियो। आग्रहले भरिएका तर्क र भ्रामक समाचारले मिडिया रंगिएका हुन्थे। समाचारका हेडलाइन र विचार स्तम्भ अहिले नियाल्दा स्वयं स्रष्टालाई के कस्तो लाग्दो हो ?

मसँग रातो कलम थिएन, सल्लाहकारको मानार्थ भूमिका मात्र थियो। सिंहदरबारमा पीएहरूले काम पाउँछन्, सल्लाहकारलाई सम्मान त हुन्छ, तर कुनै भूमिका हुँदैन। पीएहरू पनि तीन प्रकारका हुन्छन्। गनगन (कुरा मात्रै गर्ने ) भनभन (कार्यकारीका व्याख्या गर्ने, प्रचार गर्ने) र छनछन (जो देखिँदैन, कलेक्सन गर्छ र कार्यकारीको भरोसावाला तर नदेखिने शक्तिशाली पीएहरू नै प्रभावशाली हुन्छन्।) उनीहरू ‘डीप स्टेट’द्वारा सञ्चालित हुन्छन्।

नेपालमा सबै तह र तप्काका कार्यकारीहरू आफूलाई सर्वज्ञ ठान्छन्। सल्लाहकारको पहुँच कस्मेटिक हुन्छ, उनकै दयामा आधारित। सिंहदरबारको चारैतिर पूर्वकार्यकारीहरू परिक्रमा गर्छन्। अनामनगर अहंकार, भ्रम, पाखण्ड र विचारको शासकीय केन्द्र हो। यहाँ बिदाइमा ‘बाईबाई’ हुँदैन, तर सडकमा पुगेपछि पनि सत्ताधारीको अहंकार, भ्रम र पाखण्ड हराउँदैन–यो स्वभावमै थिचिइएको हुन्छ। भ्रमित पूर्वसत्ताधारीको याचना कसैले सुन्दैन। उसको बडबडाहट या त पर्खालले सुन्छ, या त बुद्ध यौलीको ब्यूरोक्रेसीले।



**विचार नियन्त्रणले सत्तालाई बलियो बनाउँछ। आलोचनात्मक सोच, खुला संवाद र वैज्ञानिक संस्कृतिको सन्तुलनले मात्र अहंकार र भ्रम तोड्न सकिन्छ। प्रश्न गर्न डराउने समाज सत्ताको गुलाम हुन्छ। विचारको स्वतन्त्रता नै सत्ताको अहंकारविरुद्ध पहिलो हतियार हो।**

### सत्ता र अहंकारको मनोविज्ञान

अनेको प्रश्नले सङ्ला मान्छेलाई सताँउछ। नयाँ विचार र आदर्श बोकेकाहरू सत्तामा पुगेपछि किन अहंकारी बन्छन् ? किन उनीहरू अण्टसण्ट बोल्छन् ? आफ्ना कुरा देश-दुनियाँले सुन्छन् र धारणा बनाउँछन् भन्ने उनीहरू किन हेक्का राख्दैनन् ? संसारमा सर्वज्ञ कोही हुँदैन, तर सत्ताको नशाले जे बोले पनि अरूले पत्याउनुपर्छ भन्ने किन ठान्छन् ? कार्यकर्ता नेतृत्वको हुकममा चल्छन्, नत्र बाहिर खस्छन्। सत्ताधारी ‘गुड बुक’ र ‘ब्याड बुक’ बोकेर नाम हेरफेर गरिरहन्छन्। डिजिटल चाकरी, लाइक र कमेन्ट नियाल्छन्। आफ्ना बालसखा, जेलसखा वा कठिन समयका सहयोगीहरूलाई पनि नजिक ढिम्कनै दिँदैनन्। यो लफ्फाजी र अजम्मरीपनको भावना कहाँबाट आउँछ ? अर्कालाई होच्याउँदा किन मन रमाउँछ ? यो आत्मसम्मानको अतिवादी रूप हो।

### कस्मेटिक र वास्तविक सत्ताको भेद

कस्मेटिक सत्ता अहंकारी, भ्रमित र पाखण्डी हुन्छ, आफूलाई सर्वज्ञ ठान्छ। तर, वास्तविक सत्ता चेतनाको नियन्त्रणमा टिक्छ। सत्ताले सडकमा मात्र होइन, मस्तिष्कमा पनि शासन गर्न चाहन्छ। सोच्न नदिने शासन मनोवैज्ञानिक, शैक्षिक र सामाजिक योजनाको संयन्त्र हो। शंकालु मस्तिष्क सत्ताको शत्रु हो। सोच्ने व्यक्तिले प्रश्न गर्छ, प्रश्नले सत्तालाई असहज बनाउँछ। भीड सजिलो हुन्छ, व्यक्ति होइन। विचारहीन नागरिक भीड बन्छ, जसलाई डर, भावना र प्रचारले नियन्त्रण गर्न सकिन्छ। शासकको स्थायित्व चेतना मारेर मात्र सम्भव हुन्छ। धर्म र राष्ट्रवाद ‘भक्त’ बनाउने उपकरण बन्छन्। आजको शक्तिशाली सत्ता त्यो हो, जसले सोच्नै नसक्ने बनाउँछ। विचार नियन्त्रणको मनोविज्ञान बुझ्नु स्वतन्त्रताको पहिलो कदम हो।

### विचारको निर्माण र विनाश

मानिस विचार गर्छ। कहिलेकाहीँ विचारले पनि मानिस बनाउँछ। हामी जे सोच्छौँ, त्यही बोल्छौँ, त्यसै अनुकुलको व्यवहार गर्छौं र दष्टिकोण बनाएर राम्रो नराम्रो छुट्याउछौँ। तर, विचार सहजै बन्दैनन् र स्थायी पनि हुँदैनन्। इतिहास, वर्ग, भाषा, जाति, लिङ्ग र सत्तासँग जोडिएर विचार बन्छन्। बच्चाले परिवार, समाज, भाषा र धर्मबाट विचार सिक्छ। भाषा विचारको यन्त्र हो। जब विचार लेखिन्छ, गीत, कथा, सिनेमा वा पाठ्यक्रममा प्रवेश गर्छ, तब शक्तिशाली बन्छ। जर्ज लाकोफ भन्छन्, ‘राजनीतिक शक्तिहरू विम्बद्वारा विचार कब्जा गर्छन्।’

शिक्षा प्रणाली विचारलाई सत्यका रूपमा स्थापित गर्छ। ‘राजा रामराजा थिए’, ‘जात व्यवस्था समाजको प्राकृतिक स्वरूप हो’ जस्ता कथन पाठ्यपुस्तकमा घुस्छन्। ईश्वर, धर्मग्रन्थ र पुण्य-पापका कथाले विचारलाई अमर बनाउँछन्। महामारी, युद्ध, क्रान्ति र वैज्ञानिक खोजले पुराना विचार भत्काउँछन्। ग्यालिलियोको सिद्धान्तले बाइबलको पृथ्वी-केन्द्रित विचार तोड्यो। उत्पीडितहरूले चेतना विकास गरेपछि शोषणमा आधारित विचार भत्किन्छ। कम्युनिष्ट र दलित आन्दोलनले अभिजात र छुवाछूतका विचार तोडे। ‘किन?’, ‘कसले?’, ‘कुन आधारमा?’ भन्ने प्रश्नले पुराना विचार भत्काउँछ, नयाँ बन्छ। पुराना र नयाँ विचारका विश्वासीहरूबीच द्वन्द्व हुन्छ। मानवीय गरिमा, स्वतन्त्रता र न्यायजस्ता विचार समयसापेक्ष पुनर्परिभाषित हुन्छन्। तर ‘पवित्र’, ‘शाश्वत’ भनिने विचारहरू खतरनाक हुन्छन्, किनभने तिनलाई प्रश्न गर्न सकिँदैन।

### अहंकार र पाखण्डको मनोविज्ञान

उपभोक्तावादी समाजमा धन, शक्ति र सुन्दरताले उच्च स्थान पाउँछ। त्यस्तो संस्कृति र परिवेशमा मानिसहरू ‘ठूलो’ देखिन घमण्ड र प्रदर्शन गर्छन्। सामूहिक उपलब्धिलाई व्यक्तिगत श्रेष्ठतासँग जोड्छन्। सीमित ज्ञानलाई सर्वोच्च ठान्ने प्रवृत्तिले अहंकारी र पाखण्डी बनाउँछ। परिवार वा शक्तिको महिमामण्डनले त्यस्तो घमण्डी स्वभावलाई अझ मलजल गर्छ। अहंकारीहरूमा नार्सिसिस्टिक व्यक्तित्व देखिन्छ, जसले आफूलाई विशेष ठान्छ र प्रशंसा खोज्छ। ‘पुष्टीकरण पूर्वाग्रह’ले आफ्नो विश्वासमात्र सही ठान्छ। भावनात्मक अपरिपक्वताले सहानुभूतिलाई कम गर्छ। असुरक्षित व्यक्तिहरू बाहिरबाट घमण्डी देखिन्छन्, जुन कमजोरी लुकाउने अस्त्र हो।

### अन्धविश्वासको जरा

अहंकरी र पाखण्डीहरू भ्रम र अन्धविश्वासमा रमाउँछन्। चरम-महत्त्वकांक्षी मान्छेले स्वस्थानीको नवराज राजा बन्ने सपना देखेको हुन्छ। बाल्यकालमा सिकेका अन्धविश्वास सजिलै मेटिँदैन। कठिन समयमा धार्मिक वा अन्धविश्वासी भावना सक्रिय हुन्छ, जसलाई ‘फलब्याक साइकोलोजी’ भनिन्छ। सत्य पीडादायी हुन्छ, तर भ्रमले ‘सही’ र ‘सुरक्षित’ अनुभूति दिन्छ। इतिहासको हकदाबी गर्नलाई वर्तमानको चरित्र नियालिन्छन्। नयाँ तथ्यले पुराना विश्वासलाई चुनौती दिँदा पात्र र प्रवृतिले असहज बनाँउछ। मानसिक आलस्य र सामाजिक दबाबले भ्रमलाई अँगाल्न बाध्य गर्छ। रोग, गरिबी, मृत्युजस्ता अनिश्चिततामा भ्रमले आशा दिन्छ। परम्परालाई अस्वीकार गर्नेलाई समाजले ‘असभ्य’ ठान्छ। धर्मगुरु, ज्योतिषी वा राजनीतिक शक्तिहरूले भ्रम उत्पादित अन्धविश्वासलाई नियन्त्रणको हतियार बनाउँछन्।

अहंकार, भ्रम र पाखण्ड मानव स्वभाव, सामाजिक दबाब, ऐतिहासिक विरासत र व्यक्तिगत लाभको मिश्रण हो। शिक्षितहरू पनि यसबाट पूर्ण मुक्त हुँदैनन्, किनभने शिक्षा मात्रले अन्धविश्वास र भ्रमले पारिम्पारिक भावनात्मक र सामाजिक जरा काट्न सक्दैन। विचार नियन्त्रणले सत्तालाई बलियो बनाउँछ। आलोचनात्मक सोच, खुला संवाद र वैज्ञानिक संस्कृतिको सन्तुलनले मात्र अहंकार र भ्रम तोड्न सकिन्छ। प्रश्न गर्न डराउने समाज सत्ताको गुलाम हुन्छ। विचारको स्वतन्त्रता नै सत्ताको अहंकारविरुद्ध पहिलो हतियार हो।

# खोजौं कृषिका विकल्प



news 24 दैनिक

**शिवबहादुर नेपाली प्रधान**

नेपालमा परम्परादेखि नै कृषि जीविकोपार्जनमै सीमित थियो। विकासको आधुनिक संकथन बन्न थालेसँगै देशलाई ‘कृषिप्रधान’ को विशेषण दिइए पनि कृषिलाई कसरी भरपर्दो बनाउन सकिन्छ भन्ने विषयमा कामै हुन सकेको छैन। सरकारी निकायको समन्वय अभाव छ। कार्यान्वयन गराउने जिम्मेवार निकाय संवेदनशील देखिँदैनन्। त्यसैले, प्राथमिकताको सूचीमा पर्न नसकेको कृषि क्षेत्रमा कोरोना महामारीपछि त थप दबाब परेको छ।

कुनैबेला नेपाल खाद्यान्न निर्यात गर्ने मुलुक थियो। हामी के स्पष्ट हुनुपर्छ भने नेपालमा कृषि उत्पादन अधिक भएर होइन कि जनसंख्या कम हुँदा भएको न्यून खपतका कारण ३० को दशकसम्म खाद्यान्न निर्यात हुन्थ्यो। अर्को कुरा सडक सञ्जाल नभएकाले पहाडी क्षेत्रमा खाद्यान्न पुर्‍याउन नसकिँदा तराईको उत्पादन भारत र तेस्रो मुलुकसम्म निर्यात गरिन्थ्यो। हामीले त्यतिबेला निर्यातका लागि अपनाउनुपर्ने आधारभूत मापदण्ड पूरा गर्न सकेका थिएनौं। किनभने, खाद्यान्न ग्रेडिङ गरेर गुणस्तर निर्धारण हुन सकेको थिएन। त्यसै कारण गुणस्तरमा समस्या देखियो। सामान गयो, पैसा आएन। अहिले हामी केही सुधारिएको अवस्थामा छौं यद्यपि निर्यातका लागि आवश्यक गुणस्तर कायम गर्ने विषयमा धेरै काम गर्न बाँकी छ।

कृषिको योजनाबद्ध विकास गर्ने क्रममा २०३० को दशकमा एउटा रणनीति तय गरियो। जसअनुसार तराईमा नगदे बाली र खाद्यान्न बालीलाई प्राथमिकता दिइएको थियो। मध्यपहाडी क्षेत्रमा बागवानीअन्तर्गतको फलफूल, तरकारी तथा फूल उत्पादन गर्नुका साथै मिश्रित बाली र पशुपालनलाई जोड दिइएको थियो। त्यस्तै, हिमाली क्षेत्रमा पशुपालनलाई जोड दिइएको थियो। कृषिको विकासका लागि आज पनि हामीले त्यही उपाय अवलम्बन गर्नुपर्छ।

विगतका राम्रो अभ्यासलाई समेटिएको छैन। कार्यक्रम अन्योल गराउने खालको छ। प्रविधिमा जोड दिने भनिएको छ, तर झार उखेल्ने काममा साबेलको प्रयोग गरिएको छ। त्यसरी प्रविधिको प्रयोग भयो त ?

लामो प्रयासपछि २०४९ सालमा २० वर्षे कृषि नीति बन्यो। सो नीतिले कृषि विकासका लागि मुख्य चार विषयहरू, सिँचाइ, मल, प्रविधि, कृषि सडक र ऊर्जा प्राथमिकतामा राखेको थियो। नीतिले प्राथमिकताको पहिलो सूचीमा खाद्य सुरक्षालाई राखेको थियो। त्यसबाहेक गरिबी निवारण, कृषकको हक हितलगायतका विषय समेटिएका थिए। पशुपालन, उच्च मूल्यका कृषि वस्तु, कृषि व्यापार, वनबाट लाभ गर्ने लक्ष्य पनि थियो। त्यस्तै, कृषि व्यापारलाई पनि जोड दिइएको थियो। सो नीतिले केही विषयमा सकारात्मक प्रभाव पार्‍यो भने केहीमा सकारात्मक प्रतिफल दिन सकेन। दुःखको कुरा तीस वर्षअघि गरियो तर गरिएको नीतिमा हामी कति सफल भयौं कति असफल भयौं भन्ने समीक्षा हुन सकेन।

फेरि बेला-बेलामा नयाँ नयाँ अवधारणा आउँछन् र विगतदेखि भएका प्रयासलाई वास्ता नगरी अघि बढ्ने गरिन्छ, जुन प्रत्युत्पादक पनि बन्ने गरेको छ। पहिलो पञ्चवर्षीय योजनादेखि नै कृषि क्षेत्रमा सिँचाइ र मलमा जोड दिनुपर्छ भन्ने नीति अख्तियार गरिएको थियो। अहिलेसम्म पनि त्यही नीति कायमै छ। यसको एउटा उदाहरण हो ‘प्रधानमन्त्री कृषि कार्यक्रम’। यस कार्यक्रमले पुराना सबै कुरा बिर्सेको छ। विगतका राम्रो अभ्यासलाई समेटिएको छैन। कार्यक्रम अन्योल गराउने खालको छ। प्रविधिमा जोड दिने भनिएको छ, तर झार उखेल्ने काममा साबेलको प्रयोग गरिएको छ। त्यसरी प्रविधिको प्रयोग भयो त ? यो त एउटा नमूनामात्र हो।

जग्गा बाँझो नराख्ने एउटा उपाय - करार खेती। अचेल विविध कारणले खेती योग्य जमिन बाँझो हुँदै गइरहेको छ। खेतीलाई निरन्तरता नदिने हो भने केही वर्षपछि त्यस्ता जमिनमा केही पनि उत्पादन हुन सक्दैन्।

**नेपालमा एकल व्यक्ति वा सानो समूहले गर्न सक्ने भनेकै खेतीपाती हो। हामीले आफूलाई चाहिने खाद्यान्न नै उत्पादन गर्न सकिरहेका छैनौं। त्यति गर्ने हो भने नेपालको कृषि र सम्रग अर्थतन्त्र कायापलट हुन सक्छ।**

त्यसैले हामीले तत्काल करार खेतीको ढाँचा अवलम्बन गर्नुपर्छ। जग्गा बाँझो नराख्न कृषि समूह, सहकारी वा एकल किसानलाई खेती गर्न दिनुपर्छ। यसो गर्न सकियो भने विदेश जाने श्रमलाई केही हदमा रोक्न सकिन्छ। वैदेशिक रोजगारीमा जाने ठूलो हिस्सा कृषि क्षेत्रमै संलग्न छ। त्यस्तै, विदेशबाट फर्किआएको अर्ध-दक्ष तथा अदक्ष श्रम पनि कृषिमै लागेका छन्। नेपालमा एकल व्यक्ति वा सानो समूहले गर्न सक्ने भनेकै खेतीपाती हो।

### मूल र रैथाने बालीको संरक्षण

कृषि विकासका लागि अर्को चुनौती पानीको मूल संरक्षण हुन नसक्नु हो। हामीले अब सकेसम्म पानी जोगाउने र मुहान संरक्षण गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। अर्को कुरा परम्परादेखि जुन-जुन ठाउँमा जे लगाउने गरिएको छ, त्यही बाली लगाउने प्रयासलाई निरन्तरता दिनुपर्छ। जुनेलो, सिमल तरुल, सखरखण्ड, पिँडालुजस्ता रैथाने प्रजातिलाई निरन्तरता दिनुपर्छ। साथै मौसमी बेमौसमी तरकारी खेतीलाई पनि निरन्तरता दिनुपर्छ।

बाख्रा, भेडा, खरायो, कुखुरा, बंगुर, गाई, भैंसीपालनका लागि पनि हाम्रो वातावरण सुहाउँदो छ। खरायो पालन नेपालको ठूलो सम्भावना भएको क्षेत्र हो। स्वीटर बनाउन प्रयोग हुने भुत्लाको माग निकै उच्च छ। रेशम खेती पनि नेपालमा सम्भावना भएको क्षेत्र हो। सुरुका केही वर्ष रेशम खेती गरिए पनि प्रवर्धन हुन सकेन। अहिले त हामी यति परनिर्भर भएका छौं कि बीउ, मलखाद, विषादी सबै बाहिरबाट ल्याउनुपरेको अवस्था छ। मुख्य कुरा खाद्य सुरक्षा हो। हामीले आफूलाई चाहिने खाद्यान्न नै उत्पादन गर्न सकिरहेका छैनौं। त्यति गर्ने हो भने नेपालको कृषि र समग्र अर्थतन्त्र कायापलट हुन सक्छ। धान, गहुँ, मकैलगायतका दैनिक उपभोगका खाद्यान्न आयात भइरहेको अवस्था छ। त्यसलाई शून्यमा झार्ने गरी रणनीति बनाएर कार्यान्वयन गर्नुपर्छ।

तराई तथा पहाडी क्षेत्रमा माछा पालनको ठूलो सम्भावना छ। कृत्रिम पोखरी बनाएर माछा उत्पादन गर्न सकिन्छ। प्रविधिको समन्वय गरेर माछा उत्पादन बढाउन सकेको अवस्था छैन। सय वर्षअगाडिको समाजको चित्रण गर्दै सरदार भीमबहादुर पाँडेले आफ्नो पुस्तकमा त्यतिबेलाको समाज आत्मनिर्भर रहेको बताएका छन्। तर, अहिले त हामी यति परनिर्भर भएका छौं कि बीउ, मलखाद, विषादी सबै बाहिरबाट ल्याउनुपरेको अवस्था छ। खाद्य सुरक्षाका लागि आवश्यक प्रविधि पुर्‍याउने काम सरकारको हो। स्थानीय सरकारले उत्पादित खाद्य वस्तुको बजारीकरणमा सहयोग गर्नुपर्छ। कृषिको वास्तविक विकासका लागि स्थानीय सरकारका रूपमा रहेको पालिकाको भूमिका निर्विकल्प छ।

**पूर्वमहानिर्देशक कृषि विभाग**

# ट्रम्प–पुटिन वार्ता : अनिश्चितताको निरन्तरता

**एजेन्सी, साउन ३१**

रुस-युक्रेन युद्ध अन्त्यका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच बहुप्रतिक्षित उच्चस्तरीय वार्ता सम्पन्न भयो। अलास्काको एन्कोरेजस्थित अमेरिकी सैन्य बेसमा सम्पन्न यो बैठक झण्डै तीन घण्टा लामो भए पनि कुनै ठोस सम्झौता भने हुन सकेन।

विश्वभर निकै चासोका साथ हेरिएको यस भेटवार्ताबाट कुनै ठोस निर्णय नआएपछि ट्रम्प खाली हात फर्किएको टिप्पणी भइरहेको छ। वार्तालगत्तै ट्रम्पले जलेन्स्कीलाई एक घण्टा लामो फोन वार्तामा ह्वाइट हाउस बोलाएका छन्। उनीहरू सोमबार भेट्ने तय भएको छ।

ट्रम्प-पुटिन वार्ता कसरी शुरु भयो ?

वार्ताका लागि ट्रम्प एयर फोर्स वनबाट र पुटिन विशेष विमानमार्फत एन्कोरेजमा अवतरण गरेका थिए। पुटिनले ट्रम्पबाट सौहार्दपूर्ण स्वागत पाए। हात मिलाउने, थपथपाउने र रातो कार्पेटमा सँगै हिँड्ने दृश्यले दुई नेताबीच व्यक्तिगत सम्बन्ध अझै मजबुत रहेको संकेत गर्‍यो।

पुटिनले यसवर्षको शुरुमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ह्वाइट हाउस भ्रमण गर्दा पाएको स्वागतभन्दा निकै फरक स्वागत पाए। फेब्रुअरीमा जेलेन्स्कीलाई ट्रम्पले ह्वाइट हाउसमा तीव्र आलोचना गरेको असाधारण दृश्य देखिएको थियो।

### ट्रम्प र पुटिन एउटै कार चढेर सँगै यात्रा गर्दै बैठक स्थलसम्म गए।

शुरुमा एकल बैठक हुने भनिएको भए पनि, अन्ततः तीन-तीन सदस्यीय टोलीले भाग लिने ढाँचामा छलफल भयो। अमेरिकी पक्षबाट ट्रम्पसँगै पूर्वसेनाधिकारी स्टिभ विटकफ र सिनेटर मार्को रुबियो सहभागी भए। रुसी पक्षमा भने विदेशमन्त्री सर्गेई लावरोभ र विदेश नीति सल्लाहकार युरी उशाकोभ उपस्थित थिए।

### छलफलको मुख्य विन्दुः युद्धविराम

दुवै नेताले छलफल 'सकारात्मक' भएको बताएका छन्। ट्रम्पले पत्रकार सम्मेलनमा भने, 'हामीले धेरै बुँदामा सहमति गरेका छौं। केही बुँदा अझै बाँकी छन्। तीमध्ये एउटा त अत्यन्तै संवेदनशील छ। तर, हामी त्यहाँ पुग्ने सम्भावना देखिरहेका छौं।' उनले स्पष्ट पारे, 'सम्झौता नभएसम्म सम्झौता हुँदैन।' उनले युक्रेनका राष्ट्रपति जेलेन्स्की र नेटो सहयोगीहरूलाई छलफलको बारेमा जानकारी दिने बताएका छन्।

पुटिनले पनि युद्ध अन्त्यका लागि सकारात्मक संकेत दिएका छन्। तर, उनले बारम्बार 'द्वन्द्वका मूल कारणहरू हटाउनुपर्ने' कुरा दोहोर्‍याए। यसबाट रुस अझै पनि युक्रेनको पश्चिमसँगको बढ्दो सम्बन्ध र नेटो सदस्यताको प्रयास गतिविधिसँग असन्तुष्ट देखिएको प्रस्ट भएको छ।




अगस्ट १५, २०२५ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन अलास्कामा आयोजित संयुक्त पत्रकार सम्मेलनको क्रममा हात मिलाउँदै।

*तस्बिरः एपी*

### पत्रकार सम्मेलन तर प्रश्नबिनाको संवाद

छलफलपछिको संयुक्त पत्रकार सम्मेलन अपेक्षित समयभन्दा अगाडि शुरु भयो। ट्रम्प र पुटिनले कुनै पत्रकारको प्रश्न लिएनन्। जुन ट्रम्पका लागि पनि असामान्य व्यवहार हो।

पत्रकार सम्मेलनमा दुवै नेताले आफूहरूको सम्बन्ध राम्रो रहेको बताउँदै पुनः भेट हुने संकेत दिए। पुटिनले अगाडि भने, 'अर्कोपटक मस्कोमा भेट हुनेछ।' ट्रम्पले यसलाई 'रोचक' भन्दै स्वीकार गरे।

फोटो खिच्न रोकिँदा, पत्रकारहरूले दुवै नेतालाई अन्तर्राष्ट्रिय मिडियाका पत्रकारहरूले युक्रेन युद्धबारे प्रश्न सोध्दा पुटिनले प्रत्यक्ष प्रतिक्रिया भने दिएनन्। 'के तपाईं युद्धविराममा सहमत हुनुहुन्छ ? तपाईं अब निर्दोष नागरिकलाई मार्ने काम रोक्नेमा कत्तिको प्रतिबद्ध हुनुहुन्छ ? अहिले ट्रम्पले किन तपाईंको विश्वास गर्ने ?' जस्ता प्रश्नहरू सोधिएपछि पुटिन केही क्षण अचम्मित मुद्रामा देखिए। उनले केही बोल्ने प्रयास गरेजस्तो लागे पनि आवाज नसुनिएको सीएनएनले जनाएको छ। समाचार संस्था एपीका अनुसार वार्ता शुरु हुनुअघि पत्रकारहरूले पुटिनलाई युक्रेन युद्धबारे तीव्र प्रश्न सोध्दा उनले प्रतिक्रिया दिएका थिएनन्।

### युद्धविरामकै बीच आक्रमण

जुन बेला ट्रम्प र पुटिन शान्तिको बारेमा कुरा गरिरहेका थिए, त्यसै समय रुसले युक्रेनका सुमी र दक्षिणी क्षेत्रहरूमा आक्रमण गरिरहेको युक्रेनी राष्ट्रपति जेलेन्स्कीले बताएका छन्। यो युद्ध अन्त्य गर्न कुनै आदेश छैन, न त संकेत नै भन्दै वार्ताको दिन नै नागरिक मारिँदै छन् र यसले धेरै कुरा उदांगो पारेको उनको टिप्पणी छ।

रुसद्वारा युक्रेनमाथि ठूलो मात्रामा हवाई आक्रमण गर्दै ८५ वटा ड्रोन र एउटा 'इस्कान्दर-एम' प्रकारको बेलिस्टिक मिसाइल प्रहार गरेको युक्रेनी वायु सेनाले जनाएको छ। यी आक्रमणहरू अगस्त १५ को साँझदेखि शुरु भई रातभर जारी रहेको थियो।

युक्रेनका अनुसार, राजधानी किभलगायत चारवटा अग्रपंक्ति क्षेत्रहरू लक्षित थिए। युक्रेनी वायु सुरक्षाले तीमध्ये ६१ वटा ड्रोन खसाल्न सफल भएको जनाएको छ।

### पुटिनको पुरानै भाष्यको पुनरावृत्ति

पुटिनले पुनः सन् २०१४ मा क्रिमिया कब्जा गर्दा प्रयोग गरिएका तर्कहरू दोहोर्‍याए। जसमा युक्रेनको स्वतन्त्रताको चाहना र पश्चिमसँगको सामीप्य नै मुख्य समस्या भएको जनाइएको थियो।

वार्ताका बेला पुटिनले ट्रम्पको प्रशंसा गर्न छुटाएनन्। 'यदि ट्रम्प सन् २०२२ मा राष्ट्रपति हुन्थे भने यो युद्ध शुरु नै हुने थिएन,' उनले भने। ट्रम्पले पनि पछि फक्स न्यूजमा दिएको अन्तर्वार्तामा बैठकलाई '१० अंकको' भन्दै उच्च मूल्यांकन गरेका छन्।

### लुकाशेन्कोसँग कुराकानी र बेलारूसको संकेत

बैठकपछि ट्रम्पले ट्रुथ सोसलमा लेख्दै बेलारुसी राष्ट्रपति अलेक्जेन्डर लुकाशेन्कोसँग 'अद्भुत कुराकानी' भएको उल्लेख गरेका छन्। यो अमेरिकी राष्ट्रपति र लुकाशेन्कोबीचको पहिलो सार्वजनिक पुष्टि भएको संवाद हो। उनले भविष्यमा लुकाशेन्कोलाई भेट्ने इच्छा पनि व्यक्त गरेका छन्।

### अनिश्चितता र सकस

ट्रम्प-पुटिन वार्तालाई दुवै पक्षले सकारात्मक भएको दाबी गरेका छन्, तर युद्धको भविष्य अझै अस्पष्ट छ। युक्रेनी नेतृत्व, युरोपेली संघ र नेटो यस वार्ता फलदायी हुनेमा शंका गरिरहेका छन्। खासगरी युक्रेनी राष्ट्रपति जेलेन्स्कीलाई वार्तामा सहभागी नगरिनु र रुसको समानान्तर आक्रमण जारी रहनु शान्तिको वास्तविक सम्भावनाप्रति प्रश्नचिह्न बनेर उभिएको छ।

ट्रम्प-पुटिन वार्ताले तत्काल युद्धविरामको कुनै ठोस संकेत दिएको छैन। शान्तिका लागि भने यस वार्ताले कूटनीतिक ढोका खुला गरेको महसुस गरिएको छ। तर, बिना सहमति र बिना कार्यान्वयन रणनीति, यो वार्ता कूटनीतिक 'प्रदर्शन'मा सीमित हुने जोखिम कायमै छ।

## जेलेन्स्कीलाई अमेरिकाले बोलायो



रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग अलास्कामा भएको चर्चित शिखर वार्तापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदमिर जेलेन्स्कीसँग करिब एक घण्टा लामो टेलिफोन संवाद गरेको बताइएको छ। राजधानी फर्किने क्रममा ट्रम्पले जेलेन्स्कीलाई सम्पर्क गरेका थिए।

यो संवाद विस्तृत र रणनीतिक भएको जनाइएको छ। ट्रम्पले यसै क्रममा नेटोमा आबद्ध युरोपेली नेताहरूसँग पनि टेलिफोन कुराकानी गरेका छन्। बेलायती प्रधानमन्त्री केर स्टार्मरको कार्यालयले पनि ट्रम्प र जेलेन्स्की दुवैसँग प्रधानमन्त्री स्टार्मरले छुट्टाछुट्टै कुरा गरेको बताएको छ। युक्रेनी राष्ट्रपति कार्यालयका अनुसार, शुरुमा ट्रम्प र जेलेन्स्कीबीच सीधा वार्ता भएको थियो। यसपछि अन्य युरोपेली नेताहरू पनि संवादमा सहभागी भएका थिए। वार्ता शान्ति प्रक्रिया, सुरक्षा रणनीति तथा भविष्यका कूटनीतिक कदमहरूमा केन्द्रित रहेको बताइएको छ। यसैबीच राष्ट्रपति जेलेन्स्कीले सोमबार वाशिङ्टन डीसीमा ट्रम्पसँग प्रत्यक्ष भेट हुने जनाएका छन्। ट्रम्पको निमन्त्रणा स्वीकार गर्दै आफू आगामी वार्ताको लागि तयार रहेको बताएका हुन्।

ट्रम्प-पुटिन वार्ताबाट प्रत्यक्ष परिणाम नआए पनि पछिल्ला संवादहरूले कूटनीतिक पहललाई नयाँ दिशा दिने संकेत देखिएको छ। अबको ध्यान सोमबारको ट्रम्प-जेलेन्स्की भेटमा केन्द्रित हुनेछ। यो भेटले युद्धविराम र शान्ति प्रक्रियाका थप सम्भावना खोल्ने अपेक्षा गरिएको छ।

# दक्षिण एसियामा बाढीले चार सयभन्दा बढीको मृत्यु

भीषण वर्षा र आकस्मिक बाढीका कारण दक्षिण एसियाका विभिन्न भागहरूमा हालसम्म ४०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने सयौं अझै बेपत्ता छन्। पाकिस्तान, भारत-शासित कश्मीर र नेपालमा बाढी, पहिरो र सडक ध्वस्त भएपछि जनजीवन तहसनहस बनाएको छ।

### पाकिस्तानमा दुई दिनमै ३२१ को मृत्यु

पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा मात्र दुई दिनभित्र ३२१ जनाको मृत्यु भएको पुष्टि गरिएको छ। बुनर जिल्लाका दसौं गाउँहरू बाढीले बगाउँदा पूरै बस्तीहरू माटो र ढुंगाको थुप्रोमा परिणत भएका छन्। 'यस क्षेत्रमा मात्रै १२० शव निकालिएको छ,' बुनर जिल्लामा उद्धार कार्यमा संलग्न 'रेस्क्यु ११२' का प्रवक्ता बिलाल फैजीले जानकारी दिए। 'केही दिनअघिसम्म यहाँ जीवन्त समुदाय थियो, अहिले भने भग्नावशेष मात्र बाँकी छ।'

बाढीपछि उद्धार कार्यमा खटिएको हेलिकप्टर दुर्घटनामा पाँचजना सुरक्षाकर्मीको समेत मृत्यु भएको छ।

### भारतीय तीर्थस्थलमा ६० को मृत्यु

कश्मीरस्थित हिन्दू तीर्थस्थल चासोटीमा ठूलो क्षति भएको छ। बाढी र पहिरोले गर्दा ६० जनाको ज्यान गएको र २०० भन्दा बढी बेपत्ता भएका छन्। 'हाम्रो गाउँ चारैतिरबाट ध्वस्त भएको थियो। माटोमुनि थुनिएका आठ शवहरू देख्दा मन बिथोलियो,' ७५ वर्षीय स्थानीय बासिन्दा अब्दुल मजीद बिचूले भने। यस क्षेत्रबाट मचैल माताको तीर्थयात्रा गरिन्छ। यहाँ हजारौं श्रद्धालु वर्षेनी गइरहन्छन्। बाढीका कारण यात्रा अवरुद्ध भएको छ।

### नेपालमा ४१ जनाको मृत्यु

नेपालमा हालसम्म मनसुनजन्य विपत्तिका कारण ४१ जनाको ज्यान गएको र १२१ जना घाइते भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। काठमाडौं, ललितपुर, मकवानपुर, कास्की, सिन्धुपाल्चोक, भोजपुर लगायतका पहाडी जिल्लाहरूमा बाढी र पहिरोको असर गम्भीर देखिएको छ। कयौं घरपरिवार विस्थापित भएका छन्।



**जलवायु परिवर्तनका कारणले यस वर्ष दक्षिण एसियाली क्षेत्रहरूमा बाढीको मात्रा, आवृत्ति र क्षति सबै उच्च देखिएको छ। तीन देशका नागरिक अहिले ठूलो संकटको सामना गरिरहेका छन्।**

धादिङकी मनिषा तामाङले भनिन्, 'बिहानै पानीको ठूलो आवाज आयो। हेर्दा हाम्रो गोठ बगिसकेको थियो। भागेर ज्यान जोगायौं तर सम्पत्ति सबै बग्यो।' सरकारले बाढीग्रस्त क्षेत्रमा उद्धार र राहतका लागि सेना र सशस्त्र प्रहरी परिचालन गरेको बताएको छ।

### 'क्लाउडबर्स्ट'को जोखिम अझै

भारतको मौसम विभागले वर्षाको मुख्य कारण 'क्लाउडबर्स्ट' अर्थात् छोटो समयमा अत्यधिक वर्षा (एक घण्टामा १०० मिमी भन्दा बढी) भएको जनाएको छ। यसका असरले धेरैजसो हिमाली क्षेत्रहरूमा बाढी, पहिरो र सडक अवरुद्ध भएका छन्।

पाकिस्तानको मौसम विभागले आइतबारदेखि थप वर्षा हुने सम्भावना औंल्याउँदै बाढी र पहिरोको खतरा अझै बाँकी रहेको जनाएको छ। स्थानीय बासिन्दाहरूलाई नदी किनार, तीर्थस्थल तथा जोखिमयुक्त क्षेत्रमा नजान आग्रह गरिएको छ।

### जलवायु परिवर्तनको प्रभाव

विश्लेषकहरूका अनुसार जलवायु परिवर्तनले मनसुनको स्वरूप फेरिँदैछ। विगतका वर्षहरूसँग तुलना गर्दा अहिले वर्षा बढी तीव्र, अनियमित र विध्वंसात्मक बन्दै गएको देखिन्छ।

जलवायु परिवर्तनका कारणले यस वर्ष दक्षिण एसियाली क्षेत्रहरूमा बाढीको मात्रा, आवृत्ति र क्षति सबै उच्च देखिएको छ। तीन देशका नागरिक अहिले ठूलो संकटको सामना गरिरहेका छन्। सयौं मानिस हराइरहेका छन्, हजारौं विस्थापित भएका छन् र जनजीवन पूर्णरूपमा अस्तव्यस्त छ।

सम्बन्ध सुधारतर्फ कूटनीतिक सक्रियता

# चिनियाँ विदेशमन्त्री वाङ भारत भ्रमणमा जाने

**एजेन्सी, साउन ३१**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन जाने तयारीमा रहेका वेला चीनका विदेश मन्त्री तथा चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) केन्द्रीय समितिका पोलिटब्युरो सदस्य वाङ यी भारत जाने भएका छन्। भारत र चीनबीच लामो समयदेखि जारी सीमा विवाद समाधानतर्फ यो भ्रमण कूटनीतिक तहमा पुनः एकपटक महत्वपूर्ण पहल हुने भएको छ।

चीनको विदेश मन्त्रालयका प्रवक्ताका अनुसार वाङ यीले भारत-चीन सीमा विवादसम्बन्धी विशेष प्रतिनिधिहरूको २४औं चरणको वार्तामा सहभागी हुनेछन्। यसपटकको वार्ता भारतको निमन्त्रणामा आयोजित हुन लागेको हो। चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का पोलिटब्युरो सदस्यसमेत रहेका वाङ यी भदौ २ देखि ४ गते (अगस्ट १८-२०)सम्म भारतको आधिकारिक भ्रमणमा रहने छन्।

भ्रमणले दुई देशबीचको विश्वास निर्माण र द्विपक्षीय सम्बन्ध सुदृढ गर्न भूमिका खेल्ने अपेक्षा गरिएको छ।

भारत र चीनबीचको सीमा विवाद खासगरी लद्दाख क्षेत्र केन्द्रित रहँदै आएको छ। सन् २०२० मा गलवान उपत्यकामा भएको झडपपछि दुबै देशका सम्बन्ध तनावपूर्ण बनेका थिए। त्यसयता दुवै पक्षले सैन्य तथा कूटनीतिक तहमा विभिन्न चरणका वार्ता गर्दै आएका छन्।



यसअघि गत असारको अन्त्यमा भारतीय विदेशमन्त्री एस. जयशंकरले चीन भ्रमण गरेका थिए। भ्रमणका क्रममा उनले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेटवार्ता गरेका थिए। सो भेटमा सीमा विवाद, व्यापार, सुरक्षा र अन्य क्षेत्रीय मुद्दाहरूमा छलफल भएको थियो।

वाङको भ्रमण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सम्भावित चीन यात्रा अघि हुन लागेकाले यसलाई विशेष रूपमा अर्थपूर्ण मानिएको छ। सम्भावित रूपमा मोदीले चीनमा आयोजना हुने कुनै बहुपक्षीय सम्मेलनमा भाग लिन सक्ने चर्चा रहेको छ। यस्तो अवस्थामा वाङको भारत भ्रमणले उच्चस्तरीय तयारी र समन्वयलाई टेवा पुर्‍याउने विश्वास गरिएको छ।

सीमा विवाद समाधानका लागि संवाद नै एक मात्र विकल्प हो भन्ने समझदारी दुवै पक्षमा देखिएको छ। कूटनीतिक रूपमा अघि सारिएको यो प्रयासले तनाव घटाउने र स्थायित्व ल्याउने दिशामा सकारात्मक संकेत दिन सक्छ। यो वार्ताबाट ठोस सहमति निस्किए वा सहमति प्रक्रियामा गति आयो भने, भारत-चीन सम्बन्धमा नयाँ अध्याय सुरु हुन सक्छ।



**चियापत्ती टिप्दै मजदुर** | इलामको माई नगरपालिकास्थित चिलिम्कोट चिया बगानमा हरियो चियापत्ती टिप्दै मजदूरहरु। यहाँ दैनिक सयौं मजदूरहरु चियाको हरियो पात टिप्न व्यस्त हुछन् ।

*तस्बिर : रासस*

# फेरि घटाए बैंकहरूले ब्याजदर

news24

**काठमाडौं, साउन ३१**

वाणिज्य बैंकहरूले भदौ महिनाका लागि नयाँ ब्याजदर सार्वजनिक गरेका छन्। अधिकांश बैंकहरूले ब्याजदर घटाएका छन्। वित्तीय प्रणालीमा अधिक तरलता भएपछि बैंकहरूले पछिल्लो समय ब्याजदर घटाउँदै आएका छन्। ब्याजदर घटे पनि बैंकमा निक्षेप राख्नेहरू बढ्दै गएका छन भने कर्जाको माग बढ्न सकेको छैन।

व्यक्तिगत मुद्दति निक्षेपमा साउन महिनामा औसत ५.६९ प्रतिशत ब्याज दिएका बैंकहरूले भदौमा घटाएर ५.५७ प्रतिशतमा झारेका छन्। यस्तै, संस्थागत मुद्दति निक्षेपको औसत ब्याजदर पनि ४.११ प्रतिशतबाट घटेर ३.९६ प्रतिशतमा झरेको छ।

सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकहरूमध्ये ८ वटाले ब्याजदर घटाएका छन्। बाँकीमध्ये एउटाले बढाएको छ, अरुले स्थिर राखेका छन्। एभरेष्ट बैंक, स्ट्याण्डर्ड चार्टर्ड, लक्ष्मी सनराइज, सानिमा, कुमारी, सिद्धार्थ, कृषि विकास र नेपाल एसबिआई बैंकले ब्याजदर घटाएका छन्। प्रभु बैंकले बढाएको छ। साउनमा व्यक्तिगत मुद्दति निक्षेपमा ६.२६ प्रतिशत ब्याज दिएको स्ट्याण्डर्ड चार्टर्डले भदौका लागि ५.१३ प्रतिशत दिने भएको छ।

साउनमा सबैभन्दा कम ब्याज दिएको प्रभु बैंकले भदौमा १.१ प्रतिशतविन्दुले बढाएर ५.३५ प्रतिशत पुर्‍याएको छ। प्रभुले साउनमा व्यक्तिगत मुद्दतिमा ४.२५ प्रतिशत ब्याज दिएको थियो। भदौमा लक्ष्मी सनराइज बैंकले सबैभन्दा कम ५ प्रतिशत ब्याजदर तोकेको छ। संस्थागत मुद्दति निक्षेपमा भने ७ वटा बैंकले ब्याजदर घटाएका छन्। अरु सबै बैंकले साउन महिनाकै ब्याजदरलाई निरन्तरता दिएका छन्।

**मुद्दति निक्षेपमा वाणिज्य बैंकहरूले तोकेको अधिकतम ब्याजदर**

| बैंकको नाम | २०८२ भदौ | | २०८२ साउन | |
|---|---|---|---|---|
| | व्यक्तिगत | संस्थागत | व्यक्तिगत | संस्थागत |
| नबिल बैंक | ५.५ | ४.०५ | ५.५ | ४.०५ |
| नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ५.२५ | ४.२५ | ५.२५ | ४.२५ |
| ग्लोबल आइएमई बैंक | ६ | ४.२५ | ६ | ४.२५ |
| प्रभु बैंक | ५.३५ | ३.२५ | ४.२५ | ३.२५ |
| एभरेष्ट बैंक | ५.७५ | ४.७५ | ६.२५ | ५.२५ |
| लक्ष्मी सनराइज बैंक | ५ | ४ | ५.५ | ४.५ |
| प्राइम कमर्सियल बैंक | ६ | ३.१ | ६ | ३.१ |
| कृषि विकास बैंक | ५.२ | २.८५ | ५.४ | ३.५ |
| राष्ट्रिय वाणिज्य बैंक | ५.५ | ४ | ५.५ | ४ |
| नेपाल बैंक | ५.४ | ३.७५ | ५.४ | ३.७५ |
| सिद्धार्थ बैंक | ५.५ | ४ | ५.७५ | ४.७५ |
| एनएमबि बैंक | ६ | ५ | ६ | ५ |
| स्टान्डर्ड चार्टर्ड बैंक | ५.१३ | २.७५ | ६.२६ | ३ |
| सानिमा बैंक | ५.७५ | ३.७५ | ६.१८ | ४ |
| कुमारी बैंक | ५.२१ | ४.०१ | ५.६१ | ४.०१ |
| माछापुच्छ्रे बैंक | ६ | ४ | ६ | ४ |
| नेपाल एसबिआई बैंक | ५.२५ | ४.२५ | ५.३५ | ४.३५ |
| हिमायलन बैंक | ६ | ५ | ६ | ५ |
| सिटिजन्स बैंक इन्टरनेशनल | ५.५ | ३ | ५.५ | ३ |
| एनआईसी एशिया बैंक | ६.२५ | ५.२५ | ६.२५ | ५.२५ |
| औसत ब्याजदर | ५.५८ | ३.९६ | ५.७० | ४.११ |

# एक महिनामा सरकारको खर्च ४६ अर्ब, आम्दानी ८५ अर्ब

news24

**काठमाडौं, साउन ३१**

सरकारले एक महिनामा ४६ अर्ब ३० करोड खर्च र ८५ अर्ब १९ करोड रुपैयाँ आम्दानी गरेको छ। खर्च र आम्दानीको यो विवरण यस आर्थिक वर्ष २०८२/८३को पहिलो महिना (साउन)को हो। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार साउन महिनामा वार्षिक लक्ष्यको २.३६ प्रतिशत खर्च भएको छ भने ५.५६ प्रतिशत आम्दानी भएको छ।

चालू आर्थिक वर्ष (आव)मा सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ खर्च गर्ने र १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेको छ। राजस्वबाट नपुग हुने खर्च व्यवस्थापन आन्तरिक र बाह्य स्रोतबाट ऋण लिएर गर्ने छ।

सरकारले साउन महिनामा कर राजस्वबाट ८० अर्ब ६७ करोड रुपैयाँभन्दा बढी आम्दानी गरेको छ। जुन वार्षिक लक्ष्यको ६.०९ प्रतिशत हुन्छ। यस वर्ष १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख कर राजस्व संकलन गर्ने लक्ष्य छ। यस्तै, गैरकर राजस्वबाट ३ अर्ब ७९ करोड ५० लाख रुपैयाँ अर्थात् वार्षिक लक्ष्यको २.४६ प्रतिशत संकलन गरेको छ। यस आर्थिक वर्ष सरकारले एक खर्ब ५४ अर्ब ४१ करोड रुपैयाँ गैरकर राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। यसैगरी सरकारले वैदेशिक अनुदानबाट ४२ करोड १९ लाख र अन्य प्राप्तिबाट ३० करोड ८९ लाख रुपैयाँ आम्दानी गरेको छ। जुन वार्षिक लक्ष्यको ०.७९ प्रतिशत हुन्छ। सरकारले यसवर्ष ५३ अर्ब ४४ करोड रुपैयाँ वैदेशिक अनुदान प्राप्त हुने लक्ष्य राखेको छ।

चालु आवका लागि १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याइएकामा साउन मसान्तसम्ममा ४६ अर्ब ३० करोड ६१ लाख रुपैयाँ खर्च भएको छ। चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ बजेट विनियोजन भएकामा हालसम्म १.५६ प्रतिशत अर्थात् १८ अर्ब ४७ करोड ९८ लाख रुपैयाँ खर्च भएको छ। यस्तै, पुँजीगत शीर्षकमा ४ खर्ब ७ अर्ब ८८ करोड ८० लाख रुपैयाँ विनियोजन भएकामा ०.१८ प्रतिशत अर्थात् ७२ करोड ६३ लाख रुपैयाँ मात्रै खर्च भएको छ। साउनमा सरकारले सबैभन्दा धेरै वित्तीय व्यवस्थापन (ऋणको किस्ता भुक्तानी)का लागि सबैभन्दा धेरै खर्च गरेको छ। वित्तीय व्यवस्था शीर्षकमा एक महिनामा २७ अर्ब १० करोड रुपैयाँ खर्च गरेको छ। जुन कुल लक्ष्यको ७.२२ प्रतिशत हुन्छ। यसवर्ष वित्तीय व्यवस्थापनका लागि तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर खर्च गर्ने लक्ष्य राखिएको छ।




**२०८२ साउन महिनामा सरकारको आम्दानी र खर्च (रु लाखमा)**

| विवरण | | लक्ष्य/बजेट | २०८२ साउन ३१ | प्रतिशत |
|---|---|---|---|---|
| आम्दानी | **१.आम्दानी** | १४,८००,००० | ८४४,६५८ | ५.७१ |
| | क) कर आम्दानी | १३,२५५,८३९ | ७७६,६७३ | ६.०९ |
| | ख) गैरकर आम्दानी | १,५४४,१६१ | ३७,९५० | २.४६ |
| | २. अनुदान | ५३४,४६९ | ४,२१९ | ०.७९ |
| | ३. अन्य आम्दानी | ० | ३,०८९ | ० |
| **कुल आम्दानी** (१+२+३) | १५,३३४,४६९ | ८५१,९६५ | ५.५६ | |
| खर्च | **कोषबाट कुल खर्च** (१+२+३) | १९,६४१,१०० | ४६३,०६१ | २.३६ |
| | १. चालू | ११,८०९,८०० | ४६३,०६१ | २.३६ |
| | २. पुँजीगत | ४,०७८,८८० | ७,२६३ | ०.१८ |
| | ३. वित्तीय | ३,७५२,४२० | २७१,००० | ७.२२ |

# सहकारी ऐन संशोधन गर्ने तयारी

काठमाडौं। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी ऐन, २०७४ मा नमिलेका विषय मिलाउन ऐन संशोधन गरिने बताएका छन्। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघले शनिबार आयोजना गरेको एक कार्यक्रममा मन्त्री अधिकारीले सहकारी संशोधन नगरिँदा व्यवस्थापन गर्न समस्या भएको भन्दै छिट्टै संशोधन गरिने बताएका हुन्।

तीन खम्बे अर्थतन्त्रमा सहकारी महत्वपूर्ण भएकाले यसलाई सक्षम र सशक्त बनाइनुपर्ने मन्त्री अधिकारीले बताए। वडा, पालिका र जिल्लामा कति सहकारी आवश्यक हो, त्यो पहिचान गरेर दर्ता गरिनुपर्ने बताउँदै उनले तरलताको व्यवस्थापनमा सहकारी क्षेत्र लाग्नुपर्नेमा जोड दिए।

सहकारी नियमन प्राधिकरण, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले काम गरिरहेको बताउँदै बदनाम भएका सहकारीको अभिलेख तयार पार्न सरोकार भएका निकायलाई मन्त्री अधिकारीले निर्देशन दिए।

समितिका अध्यक्ष श्रीमनकुमार गौतमले सरकारले घोषणा गरेका समस्याग्रस्त २३ सहकारीमध्ये तीन वटाको हिसाबकिताब राफसाफ गरी बचतकर्ताको सबै बचत रकम फिर्ता गरिएको उल्लेख गरे। कार्यक्रममा सहकारी महासंघका अध्यक्ष ओमदेवी मल्ल, नेफ्स्कुनका अध्यक्ष चन्द्र ढकाललगायत वक्ताले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि आवश्यक छलफल र पहल भइरहेको बताए। रासस

# साल्ट ट्रेडिङले भित्र्यायो १५ लाख २३ हजार बोरा रासायनिक मल

काठमाडौं। साल्ट ट्रेडिङ कार्पोरेशनले १५ लाख २३ हजार बोरा रासायनिक मल नेपाल ल्याएको छ। रासायनिक मलको माग पूर्ति गर्न भारतको कोलकत्ता बन्दरगाहमा आइसकेको मल ल्याउने काम भइरहेको कम्पनीले जनाएको छ।

कर्पोरेशनका अनुसार ४ लाख ४० हजार बोरा युरिया र १० लाख ८३ हजार बोरा डिएपी गरी कूल १५ लाख २३ हजार बोरा रासायनिक मल आयात गरिएको हो। गोदममा आइरहेका यी मल कोटा प्रणालीबाट वितरण गर्न प्रदेश सरकारलाई पत्राचार गरिसकेको कर्पोरेशनले जनाएको छ।



प्रदेश सरकारहरूले सम्बन्धित पालिकालाई कोटा वितरण गरिसकेको जानकारी आइसकेको कर्पोरेशनले जनाएको छ। रासायनिक मलको पछिल्लो अवस्थाका बारेमा कर्पोरेशनले विज्ञप्ति जारी गरी जानकारी गराएको छ। 'कर्पोरेशनको मल बिक्रेताका रूपमा दर्ता भएका सम्पूर्ण डिलरहरूलाई आफ्नो पालिका तथा कर्पोरेशनको सम्बन्धित कार्यालयसँग समन्वय गरी कोटाअनुसारको मल बिक्री वितरण गर्न अनुरोध गरिन्छ,' विज्ञप्तिमा भनिएको छ।

हाल बजारमा रासायनिक मलको अभाव भएको भनी विभिन्न सञ्चारमाध्यम एवम् सामाजिक सञ्चालमा समाचार तथा पोष्ट आइरहेकोमा कर्पोरेशनले विज्ञप्तिमार्फत आफ्नो ध्यानाकर्षणसमेत भएको जनाएको छ। रासस

# नाडामा प्रदर्शन गरिने उड्ने कार काठमाडौं आइपुग्यो

काठमाडौं (संवाददाता)- आगामी भदौ ३ गतेदेखि राजधानीमा सुरु हुने 'नाडा अटो शो २०२५'को मुख्य आकर्षण मानिएको डिपल इभीटिओएल फ्लाइङ कार (उड्ने कार) र युनिट्री रोबोट्स काठमाण्डौं आइपुगेको छ। चीनबाट आयात गरिएका फ्लाइङ कार र युनिट्री रोबोट्स सुरक्षितरूपमा तातोपानी नाका हुँदै शनिबार काठमाडौं ल्याइएको हो।

तातोपानी नाकाबाट शनिबार फ्लाइङ कार र युनिट्री रोबोट्स काठमाडौं ल्याइपुर्‍याएको आयोजक नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालले जनाएको छ। फ्लाइङ कार र युनिट्री रोबोट्स १७औं संस्करणको नाडा अटो शोमार्फत पहिलोपटक नेपालमा सार्वजनिक गर्न लागिएको हो।

आयोजकका अनुसार अटो शोको मुख्य आकर्षण मानिएको चांगन अटोमोबाइस्ल सबब्रान्ड डिपलले बनाएको फ्लाइङ कार प्रदर्शनी अवधिभरका लागि धरौटीमा ल्याइएको हो। नाडा अटो शो सकिएपछि फिर्ता गर्ने गरी यो फ्लाइङ कार ल्याइएको हो।



फ्लाइङ कार र युनिट्री रोबोट्सको प्रदर्शनीले नेपालमा प्रविधिको नयाँ सम्भावनाको उजागर गर्ने आयोजकको दाबी छ। भदौ ३ गतेबाट काठमाडौंको भृकुटीमण्डपमा सुरु हुने १७औं संस्करणको नाडा अटो शो ८ गते सकिनेछ।

# बिपी राजमार्ग राति बन्द रहने


news24

**काठमाडौं, साउन ३१**

बिपी राजमार्ग रातिको समयमा थप दुई साता बन्द हुने भएको छ। आज (आइतबार) देखि रातको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाइएको हो। बर्खाको समयमा बाढी र पहिरोको जोखिम बढेका कारण राति सवारी सञ्चालनमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ।

यो राजमार्गमा असार ७ गतेदेखि नै रातको समयमा गाडी चलाउन रोक लगाइएको छ। साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म राजमार्गमा यात्रुवाहक र निजी सवारीसाधन सञ्चालन गर्न रोक लगाइएको छ। काभ्रेभञ्ज्याङदेखि सिन्धुली-सीमा नेपालथोकसम्म थप १५ दिन रोक लगाइएको प्रशासनले जानकारी दिएको छ।


कार्यालयले सूचना जारी गर्दै मनसुन सक्रिय रहेको अवस्थामा बिपी राजमार्गमा बाढीपहिरोको जोखिम रहेकोले विपद्जन्य घटना हुनसक्ने भएको भन्दै राजमार्गमा सवारी सञ्चालनमा रोक लगाइएको जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले मनसुनको समयमा राजमार्गमा उच्च जोखिम भएकोले रातिको समयमा सवारी चलाउन रोक लगाइएको बताए। काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङदेखि सिन्धुलीको खुर्कोट खण्डका विभिन्न स्थानमा जोखिम रहेको उनले जानकारी दिए। काठमाडौंबाट जाने सवारीलाई जिल्लाको काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउने सवारीलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने छ। मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै यसअघि काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले गत असार ७ गतेदेखि बिपी राजमार्गमा साँझ ६:३० बजेदेखि बिहान ५ बजेसम्म असार मसान्तसम्म र साउन महिनाभर साँझ ५ देखि बिहान ५ बजेसम्म रोक लगाइएको थियो।



गतवर्ष असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको वर्षेखोलासम्मको ८ किलोमिटर सडकखण्डमा सडक नै बगाएका कारण खोलामा कतै एकतर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको छ। बाढीपहिरोले राजमार्गको कुल १६० किमीमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र चौथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकको विभिन्न स्थानमा बढी क्षति पुर्‍याएको थियो।

कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामा समेत अघि बढाइरहेको छ। पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधन आवतजावत हुने गर्छ।

# सातामा दुई प्रतिशत घट्यो शेयरबजार




news24
**काठमाडौं, साउन ३१**

गत साता शेयरबजारमा चार दिन मात्रै कारोबार भयो। जसमध्ये तीन दिन नेप्से घट्यो भने एक दिन सामान्य बढेको थियो। समग्रमा नेप्से परिसूचक २.१७ प्रतिशत अर्थात् ६२ अंकले घटेको छ। साताको अन्तिम दिन नेप्से २७८८.३६ विन्दुमा झरेर रोकिएको छ।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ सूचक पनि २.३१ प्रतिशत अर्थात ११.३४ अंकले घटेर ४९०.१६ विन्दुमा कायम भएको छ। साधारण शेयरको फ्लोट सूचक पनि २.४३ प्रतिशत अर्थात ४.७६ अंक घटेर १९०.८८ विन्दुमा झरेको छ।

नेप्सेमा आएको गिरावटसँगै कारोबार रकम पनि घटेको छ। अघिल्लो साता दैनिक औसत ९ अर्ब ८८ करोडको शेयर कारोबार भएकोमा गतसाता जम्मा ७ अर्ब ६९ करोडको किनबेच भएको छ। सातामा कुल ३० करोड ७५ लाखको शेयर कारोबार भएको छ। अघिल्लो साताको तुलनामा दैनिक औसत कारोबार २२.१८ प्रतिशत घटेको हो।

बजार पुँजीकरण पनि एक सातामा २.१२ प्रतिशत घटेको छ। अघिल्लो साता ४७ खर्ब ५७ अर्ब रुपैयाँ रहेको पुँजीकरण गतसाता ४६ खर्ब ५६ अर्बमा झरेको छ। एक सातामा बजार पुँजीकरण एक खर्ब एक अर्ब रुपैयाँ घटेको छ।

सूचीकृत १३ समूहमध्ये अन्य समूहबाहेक सबै घटेका छन्। अन्य समूह १.५१ प्रतिशत बढेको छ। अघिल्लो साता २६२१.३० विन्दुमा रहेको अन्य समूह ३९.६९ अंक बढेर २६६०.९९ विन्दुमा पुगेको छ।

लघुवित्त समूह सबैभन्दा धेरै ४.१६ प्रतिशत घटेको छ। अघिल्लो साता ५४६३.०४ विन्दुमा रहेको लघुवित्त समूह २२६.९९ अंक घटेर ५२३६.०५ विन्दुमा झरेको छ।

नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयरमूल्य सर्वाधिक १४.५७ प्रतिशत बढेको छ। अघिल्लो साता ४७२ रुपैयाँ ४६ पैसा रहेको यो कम्पनीको शेयरमूल्य गतसाता बढेर ५४१ रुपैयाँ ३० पैसा पुगेको छ।

नेप्सेमा गतसाता सन् नेपाल लाइफ इन्स्योरेन्सको लिलामी शेयर, रिलायबल नेपाल लाइफ इन्स्योरेन्सको बोनस शेयर सूचीकृत भएको छ। यस्तै, '७ प्रतिशत एनआईसी एसिया डिबेञ्चर २०९१' पनि सूचीकृत भएको छ।

पछिल्लो समय ब्याजदर घटेर न्यून विन्दुमा झरेको छ। बैंकिङ प्रणालीमा तरलता पनि प्रसस्त छ। कर्जाको माग न्यून हुँदा बैंकिङ प्रणालीमा ९ खर्ब हाराहारी लगानीयोग्य पैसा थुप्रिएर बसेको छ। यस्तै, अधिकांश बैंकले गत आर्थिक वर्षमा राम्रो नाफा गरेका छन्। वितरणयोग्य नाफा पनि औसत दोहोरो अंकमा पुगेको छ। जसले गर्दा विस्तारै लगानीको वातावरण बन्दै गएको देखिन्छ। तर बजारमा लगानीकर्ताको कन्फिडेन्स बढ्न नसक्दा कारोबार रकम खुम्चिँदै गएको देखिन्छ। किनभने मौद्रिक नीति सार्वजनिक भएपछिको दुई सातामा नेप्से साढे दुई सय अंक भन्दा धेरै बढेको थियो। त्यसबेला, बजारबाट राम्रो नाफा कमाएका लगानीकर्ताले अहिले शेयर बेचिरहेका छन्। यहीकारण बजारमा दबाब परेको देखिन्छ।

# फेदीखोला हाइड्रोपावरले आइपीओ निष्कासन गर्ने



news24
**काठमाडौं, साउन ३१**

फेदीखोला हाइड्रोपावर कम्पनी लिमिटेडले अधिकृत पुँजीको २५ प्रतिशत अर्थात १७ करोड ५० लाख रुपैयाँ बराबरको साधारण शेयर (आईपीओ) निष्काशन गर्ने भएको छ। शुक्रबार बसेको कम्पनीको वार्षिक साधारणसभाले सर्वसाधारणलाई शेयर बिक्री गर्ने निर्णय गरेको हो।

शुक्रबार काठमाडैंको बुद्धनगरस्थित डिडिआई बैक्वेटमा सम्पन्न भएको साधारणसभमा भोजपुर जिल्लामा बनिरहेको आयोजना आगामी पुस मसान्तसमम सम्पन्न हुने जानकारी गराइएको छ। कम्पनीले भोजपुरको साल्पासिलिछो गाउँपालिका वडा नं. ६ मा रहेको फेदीखोलामा ४.३ मेगावाटको जलविद्युत आयोजना निर्माण गरिरहेको छ।

यो आयोजना निर्माण गर्न ९४ करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएकोमा २०८१ साल साउन १५ गतेको बाढीको कारण ४ करोड लागत बढेर ९८ करोड पुगेको जानकारी साधारणसभामा गराइएको छ। यो आयोजनामा ४९ प्रतिशत अर्थात् ४८ करोड स्वपूँजी शेयरधनीहरूबाट र बाँकी ५१ प्रतिशत अर्थात ५० करोड राष्ट्रिय वाणिज्य बैकबाट ऋण स्वरुप जुटाइएको छ।

साधारणसभाले कम्पनीको अधिकृत पुँजी ६० करोडमा १० थपगरी ७० कराड पुऱ्याउने निर्णय पनि गरेको छ। यसैगरी वन्डर्स ईनर्जी प्रालि (९ मेगावाटको खिम्ती घ्वाङ खोला जलविद्युत आयोजना) मा ५ करोड लगानी गर्ने प्रतिवद्धता सहित १ करोड र इर्स्टन ईनर्जी प्रालि (१५ मेगावाट ईर्खुवा खोला जलविद्युत आयोजना)मा १५ करोड रुपैयाँ लगानी गर्ने प्रतिवद्धता सहित २ करोड ५० लाख लगानी पारित गर्दै थप लगानी गर्ने निर्णय गरेको छ। यस्तै कम्पनीको मुख्य लगानीमा २०९० सालसम्म कम्तीमा १०० मेगावाट क्षमताको आयोजना अगाडी बढाउने सनिर्णय पनि साधारणसभाले गरेको छ।

साथै कम्पनीको नियमावली कम्पनीमा ५ जना सञ्चालकहरू रहनेमा अगामी कार्यकाल ४ वर्षको लागि संस्थापक (क) समूह बाट ३ जना चन्द्रप्रसाद वास्तोला, प्रकाशचन्द्र दुलाल र कविता अधिकारीलाई चयन समेत गरेको समेत कम्पनीले जानकारी दिएको छ।

# 'करदातामाथि भार नपर्ने गरी दायरा बढाउन आवश्यक'

काठमाडौं। नेपाल व्यवस्थापन संघ (म्यान) ले काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा विद्यमान करदातामाथि अतिरिक्त भार नपर्ने गरी करको दायरा विस्तारको आवश्यकता औँल्याइएको छ।

'राजस्व संकलन तथा परिचालनः सम्भावना, चुनौती र अगाडि बढ्ने मार्ग' विषयक कार्यक्रममा वक्ताहरूले संस्थागत क्षमता अभिवृद्धिमार्फत करको अनुपालन तथा कार्यान्वयन सुदृढीकरण गरिनुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रमका प्रमुख स्रोतव्यक्ति एवं पूर्वअर्थसचिव रामशरण पुडासैनीले आफ्नो प्रस्तुतीकरण गर्दै नेपालको समग्र वित्तीय संरचना, कर नीति, तथा राजस्व परिचालनका विविध पक्षमाथि चर्चा गरे। उनले राष्ट्रिय विकासको प्राथमिकता तथा दिगो वृद्धिसँग सुसंगत हुनेगरी राजस्व परिचालन रणनीतिहरूको विकास गरिनुपर्नेमा जोड दिए।

नीति निर्माता, अर्थशास्त्री, शिक्षाविद्, निजी क्षेत्रका प्रतिनिधि तथा सञ्चारकर्मीहरूलगायतको उपस्थितमा भएको कार्यक्रममा अन्य वक्ताहरूले पनि कर नीति, त्यसको दायरा र कर अनुशासनबारे आफ्नो धारण राखेका कार्यक्रमका संयोजक एवं म्यानका महासचिव इन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

संघले हरेक शुक्रबार गर्ने आफ्नो नियमित कार्यक्रमअन्तर्गत 'शुक्रबार व्यवस्थापन वार्ता कार्यक्रम' सञ्चालन गरिरहेको र त्यसक्रममा यसपटकको श्रृंखला आयोजना गरिएको उनले बताए। *रासस*

# स्मार्ट च्वाइसको वार्षिकोत्सव



काठमाडौं (संवाददाता)- नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणली सञ्चालकको अनुमतिपत्र प्राप्त संस्था स्मार्ट च्वाइस टेक्नोलोजिजले २४औं वार्षिकोत्सव सम्पन्न गरेको छ। वार्षिकोत्सवमा कम्पनीका सीईओ, मनोज घिमिरेले संस्थाले विगतमा गरेका उपलब्धिहरू र भावी योजनाहरू बारे प्रस्ट पारे।

घिमिरेले कम्पनीले दिदैं आएको कार्ड सेवा, मोबाइल बैंकिङ सेवा (स्मार्ट बैंकिङ), अन्तर बैंक भुक्तानी सेवा (स्मार्ट पे), क्युआर भुक्तानी सेवा (स्मार्ट क्यूआर) र मर्चेन्ट व्यवस्थापन सेवा (स्मार्ट एमएमएस) मा हालसम्मका उपलब्धिहरू तथा भविष्यका रणनीतिहरू प्रस्तुत गरेका थिए।

यस्तै कम्पनीले निर्माण गरेका सेवाहरू स्मार्ट क्यूआर साउन्डबक्स र एससीटीका बारेमा चिफ इनोभेशन तथा डेभलपमेन्ट अफिसर रजिम अलि मियाले प्रदर्शन गरे। स्मार्ट क्यूआर साउन्डबक्सबाट मर्चेन्टहरूले आफ्नो भुक्तानीको विवरणहरू सुन्न सक्नेछन्। यसलाई मर्चेन्टहरूले आफ्नो वाइफाइसँग लिंक गरेर वा स्मार्ट क्यूआर साउन्डबक्समै आफ्नो सीमकार्ड राखेर नेटवर्कसँग जडान गरेर सम्पूर्ण भुक्तानी विवरणहरूमार्फत विभिन्न भाषामा सुन्न सक्नेछन्।

# हेवा खोलामा 'मोडुलर बेलिब्रिज'



पाँचथर। पाँचथरस्थित हेवा खोलामा मोडुलर बेलिब्रिज जडान गरिएको छ। मेची राजमार्गअन्तर्गत पाँचथरको फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकाको सीमा छुट्याउने हेंवा खोलामा ७० मिटर लामो बेलिब्रिज जडान गरिएको हो।

सडक डिभिजन कार्यालय इलामले भारतीय प्राविधिकको सहायतामा जडान गरेको बेलिब्रिजको पहुँचमार्गसहितका संरचना निर्माण भइरहेका छन्। आगामी सातादेखि यसै बेलिब्रिजबाट सवारीका साधन सञ्चालन हुने सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले बताए।

उनका अनुसार हेवा खोलामा निर्माण गरिएको बेलिब्रिज नेपालमा जडान भएकामध्ये सबैभन्दा लामो हो। बेलिब्रिजको भार बहन क्षमताको मापनसमेत सफल भइसकेको छ। निर्माण कम्पनी ले गत चैतदेखि बेलिब्रिजका संरचना निर्माण थालेको थियो। तर, बेलिब्रिज जडान अन्तिम चरणमा पुगेका समयमा गत जेठ ३१ गते बेलिब्रिज भाँचिएर झर्दा तीनजना कामदारको ज्यान गएको थियो।

यसपछि सडक विभागले बेलिब्रिजका संरचना निर्माण गर्ने भारतीय कम्पनीलाई भाँचिएका सामग्री तथा प्राविधिक पठाइदिन आग्रह गरेको थियो। भारतबाट आएका प्राविधिक र मिस्त्रीले साउन १७ गते बेलिब्रिज जडानको काम थालेर साउन २८ गते सम्पन्न गरेका हुन्।

बेलिब्रिजका सबै सामग्री भारत सरकारले निःशुल्क उपलब्ध गराएको थियो। भारतीय पक्षले सामग्रीका अतिरिक्त पठाएको लन्चिङ सेट र पुल जडान गर्न इन्जिनियर तथा प्राविधिक रहेको १८ जनाको टोलीले छोटो समयमै बेलिब्रिज जडान सम्पन्न गरेको डीई भट्टराईले जानकारी दिए।

मेची राजमार्गअन्तर्गत हेवा खोलामा रहेको सडक पुल २०८० असार २ गते आएको बाढीले बगाएको थियो। पुल बगेकै स्थानमा २९ दिन लगाएर नयाँ बेलिब्रिज निर्माण गरिएको थियो। तर, उक्त बेलिब्रिजसमेत ०८१ असोज १२ गते आएको बाढीले बगाएपछि हेंवा खोलामा डाइभर्सनका माध्यमबाट सवारीका साधन आवतजावत गर्दै आएका थिए। वर्षायाम सुरु भइसकेकाले बाढीले पटक-पटक डाइभर्सन बगाउँदा यातायात अवरुद्ध बनेको थियो।

सडक डिभिजन कार्यालयले नै डाइभर्सन मर्मतको कामसमेत निरन्तर चलाएको थियो। नयाँ बेलिब्रिज जडानपछि हेवा खोला उत्तरका नागरिकले तीन वर्षदेखि वर्षायाममा भोग्दै आएको सास्ती हट्ने आशा पलाएको पाँचथरको हिलिहाङका वीरेन्द्र मंग्रातीको भनाइ छ।

यसपटक बेलिब्रिज जडानसँगै सडभ विभागले मोडुलर बेलिब्रिज जडानसम्बन्धी दश दिने प्रयोगात्मक तालिमसमेत सञ्चालन गरेको थियो। तालिममा सडक विभागका इन्जिनियर, सबइन्जिनियर, मेकानिक र अपरेटर गरी ३२ जनाले सहभागिता जनाएका थिए। *रासस*

# कोप-३० सम्मेलन जलवायु वित्तमा केन्द्रित हुने



काठमाडौं। नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (कोप-३०) का लागि तयारी प्रारम्भ गरेको छ। नेपालले यो वर्षको कोप सम्मेलनमा गत जेठमा सम्पन्न गरेको सगरमाथा संवादका निष्कर्ष 'सगरमाथा आह्वान' को हिमाल संरक्षणलगायत विषयलाई जोडदार रुपमा उठाउने तयारी थालेको छ।

वन तथा वातावरण मन्त्रालयले नेपालका लागि ब्राजिलका राजदूत, सरोकारवाला सरकारी तथा गैरसरकारी र विकास साझेदारका प्रतिनिधिसहितको बैठक गरी कोप-३० को तयारी सुरु गरेको हो। वन मन्त्रालयले कार्ययोजना बनाइ सम्मेलनको तयारी थालेको वनमन्त्री ऐनबहादुर शाही ठकुरीले बताए। उनले विगतका अनुभवलाई ध्यानमा राखेर अघि बढ्ने पनि बताए।

'सबैका आवाज र साथ लिएर चुस्त टिमका साथ सम्मेलनमा सहभागिता जनाउँनेछौं। कमीकमजोरी हुन नदिन थप सशक्त तयारी गर्नेछौं,' उनले भने। उनका अनुसार सम्मेलनमा जलवायु वित्त, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुजन्य हानी नोक्सानीलगायत विषयलाई सशक्त रुपमा उठाउने गरी तयारी अघि बढाउने तयारी मन्त्रालयले गरिरहेको छ।

ब्राजिल सरकारले कोप-३० सम्मेलन आयोजना गर्न प्रस्ताव अघि बढाएको छ। कोप-३० आगामी नोभेम्बर १० देखि २१ तारिख (आगामी कात्तिक २४ देखि मंसिर ५ गतेसम्म) सम्म ब्राजिलको बेलेममा आयोजना हुँदैछ।

कोप सम्मेलनमा जिवाश्म इन्धनको खपत विस्थापन, वन, समुद्र र जैविक विविधता संरक्षण अभिवृद्धि, कृषि र खाद्य प्रणालीको रुपान्तरण, मानव पक्षपोषण र सामाजिक विकास तथा प्रविधि, क्षमता अभिवृद्धिललगायत एकअर्कामा गासिएका विषयमा छलफल केन्द्रित हुने हुनेछ। यसपटकको सम्मेलन नेपालबाट धेरै टाढा रहेको ब्राजिलको मुख्य सहरभन्दा टाढा सम्मेलनस्थल भएकाले कम पूर्वाधारका कारण आगन्तुकको बसाइ खर्चिलो हुने बताइएको छ।

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा रहेको मुलुकमध्येमा पर्दछ। जलवायु परिवर्तनको असर विशेष गरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुक्खा खडेरी र तराई मधेसमा बाढी पहिरोहरू देखिन थालेको मन्त्री शाहीले बताए। हिमाल, पहाड र तराई/मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त, तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन्।

**सगरमाथा संवादको निष्कर्षलाई प्राथमिकता**

कोप सम्मेलनको तयारीका लागि पेभिलियन र साइड कार्यक्रमको अवस्था, राष्ट्रिय अवधारणा पत्र तयारी, प्रतिनिधि मनोनयनको निर्देशिका स्वीकृति, अन्तरमन्त्रालय समन्वय, अमेरिकाको न्यूयोर्कमा रहेको नेपाली स्थायी नियोगसँग समन्वय, सगरमाथा आह्वान कार्यको बारेमा अन्तरक्रियालगायत विषयमा छलफल गरिने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवम् सहसचिव महेश्वर ढकालले बताए।

'राष्ट्रिय वातावरण तथा जलवायु परिवर्तन परिषद्को बैठक, कोप सम्मेलनको पूर्वतयारी बैठक, राष्ट्रिय जलवायु परिवर्तन परिषद् बैठक, पेरिस सम्झौताको धारा ६ अन्तर्गतको छलफल, संयुक्त राष्ट्रसंघका महासचिवले जलवायु कार्यमा नेपालको एनडीसीको उच्चस्तरीय सहभागिता तयारी गर्नेछौं,' उनले भने।

नयाँ वार्ता समूह दर्ता, उच्चस्तीय शिखर सम्मेलनको तयारी, सम्बन्धित अधिकारीहरूलाई तालिम, मनोनित प्रतिनिधिहरूको भूमिका विभाजन, कोप सम्मेलनमा भाग लिनका लागि आचारसंहिता, सम्मेलनको भर्चुअल अनुगमन र समन्वय संयन्त्रलगायतका विषयमा तयारी गर्ने पनि उनले बताए।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरे पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाई हिम भण्डार पग्लने अनुमान अध्ययनले गरेका छन्।

युथ एलाइन्स फर इन्भायरोन्मेन्ट -यूएई) अध्यक्ष सनोत अधिकारीले यस सम्मेलनमा नेपालले खासगरी युवाका विषयका साथै जलवायु वित्त, हरित जलवायु कोष र हानी नोक्सानी कोषमा पँहुच र सरलीकरण विषय, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरणलगायत विषयमा आवाज उठाउनुपर्ने बताए। यसका साथै नेपालले सगरमाथा संवादको निष्कर्ष 'सगरमाथा आह्वान' का विषयका साथै नेपालले जलवायु परिवर्तनमा गरेका राम्रा अभ्यासका बारेमा सशक्त रुपमा आवाज उठाउन मन्त्रालयलाई सुझाव दिए।

वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ। यसप्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपाली जनताले बहुपक्षीय चुनौतीको सामना गर्नुपरिरहेको छ। रासस

# डीप बोरिङमार्फत ३०० हेक्टरमा सिँचाइ, १३ आयोजना हस्तान्तरण

चितवन। भरतपुर महानगरमा निर्माण भएका १३ वटा भूमिगत जल सिँचाइ आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ। शनिबार भरतपुर-२३ आलमघाटमा आयोजित एक कार्यक्रममा समितिलाई आयोजना हस्तान्तरण गरिएको हो। ती आयोजनामार्फत करिब ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको जनाइएको छ।

वैकल्पिक सिँचाइ अभाव भएका क्षेत्रमा सेवा पुगोस् भन्ने उद्देश्यले आयोजना निर्माण गरिएको भूमिगत जल सिँचाइ आयोजना चितवनका कार्यालय प्रमुख विश्वबन्धु केसीले बताए। उनका अनुसार हस्तान्तरण भएका आयोजना नर्मदेश्वर र मनकामना (भरतपुर-१५), रुखेनी (भरतपुर-१८), संगम, सम्झौता र जूनतारा (भरतपुर-२१), पटिहानी पर्सा (भरतपुर-२२), ठाडोखोला, केरुङ, सांगे र फाल्गुनी (भरतपुर-२३), भगौली (भरतपुर-२५) र झ्याउरेटाँडी (भरतपुर-२७) छन्।

यी सिँचाइ आयोजनामा करिब ७ करोड ३२ लाख ७९ हजार ४४५ खर्च भएको छ। साथै कूल १९ हजार ५ सय ३१ मिटर पाइपलाइन जडान गरिएको छ। यसले भरतपुरका खडेरीग्रस्त क्षेत्रमा डीप बोरिङमार्फत पानी आपूर्ति भई उत्पादनशील जमिन विस्तार गरेको छ।

उपभोक्ता किसानले परियोजनाबाट खडेरी समयमा बाली लगाउन सहज भएको अनुभव सुनाए। पटिहानी पर्साका सेवाग्राही यमप्रसाद लामिछानेले आयोजना निर्माणले सिँचाइ समस्या समाधान भएको बताए।

त्यस्तै, भरतपुर-१५ नर्मदेश्वर आयोजनाका मनिभद्र कँडेलले खडेरी जमिनमा पानी पुगेपछि किसान खुसी भएको उल्लेख गरे। फाल्गुनी र केरुंगा आयोजनाका सेवाग्राही अनिता वाइवा र कमलाकुमारी विश्वकर्माले भूमिगत जलस्रोतमार्फत अब खेतबारीमा सिँचाइको सुविधाले सहज भएको बताए।

आयोजना हस्तान्तरण कार्यक्रममा बोल्दै भरतपुर महानगर प्रमुख रेनु दाहालले भरतपुरका पश्चिमी क्षेत्रमा सिँचाइ अभावले जनिम बाँझो हुने समस्या समाधान भएको बताइन्। उनले नारायणी लिफ्ट, खगेरी सिँचाइलगायतसँगै डीप बोरिङले थप सहजता ल्याएको उल्लेख गर्दै किसानलाई आवश्यक सहयोगमा महानगर सदैव साथ रहने प्रतिवद्धता व्यक्त गरिन्। *रासस*

# रेखा र पूजाको '३६ को आँकडा'

कृष्णाष्टमीको अवसर पारी अभिनेत्री रेखा थापाले '३६ को आँकडा' फिल्मको घोषणा गरेकी छन् । यसपटक पनि उनले महिलालाई नै नायक बनाएर फिल्म बनाइरहेको बताएकी छन् । घोषणामा उनले आफ्नो र पूजा शर्माको तस्वीरयुक्त एउटा पोष्टर सार्वजनिक गरेकी छन् ।

हरेक पटक आफूले केही नयाँ दिने प्रयास गरेको उनले संवाददातासँगको कुराकानीमा बताइन् ।

यसअघि पनि केही नयाँ गर्न नहिच्किचाउने उनले गत महिना नाटकमा अभिनय गरेर सबैलाई चकित पारिदिइन् । प्रायः मूलधारका नायिकाहरूले नाटकका कमै अभिनय गरेका छन् । उनले आफूले अभिनय गरेको नाटक 'मीरा'को प्रतिक्रिया राम्रो पाएको बताइन् । उनले भनिन्, 'त्यो बेला त म फेरि १६ वर्षकी भएँ । त्यति धेरै ऊर्जा मैले महसुस गरेँ ।'

नाटकको चर्चा सेलाउन नपाउँदै उनको 'दोस्रो अध्याय'को हल्ला भइरहेको छ । 'दोस्रो अध्याय' उनी गर्भवती हुँदाका भाव, प्रश्न र तिनको उत्तर खोज्ने प्रयास थियो । त्यो उत्तर यतिबेला युट्युब च्यानलमार्फत खोजिरहेकी छन् ।

'छोरी वैभवी कोखमा हुँदा मलाई जे जति मानसिक र शारीरिक परिवर्तनको आभाष भयो, जे जति मनमा उहापोह भए, त्यो कुरा अरूलाई पनि हुँदो हो भन्ने लागेर मैले 'दोस्रो अध्याय' जागरणमूलक कार्यक्रम बनाएकी छु,' रेखाले भनिन् ।



यतिबेला यो कार्यक्रमको प्रतिक्रिया राम्रै आइरहेको उनले बताइन् । उनले भनिन्, 'यो भाइरल कन्टेन्ट होइन, त्यसैले करोडौं भ्यूज आउने पनि होइन । तर, जसलाई पर्छ, उसलाई मात्र त्यसको मर्म थाहा हुन्छ । अनि, जसले यसको मर्म बुझ्छ, उसले यसलाई मन पराइरहेको छ ।'

रेखा गर्भवती हुँदा उनले महसुस गर्ने शारीरिक परिवर्तन र भावात्मक उतारचढावबाहेक अन्य केही महसुस गर्नु परेन । उनकै उमेरका अन्य महिलाले भने देशभरि नै अनेक समस्या भोगिरहेका हुन्छन् । कस्तो समस्यामा के गर्ने, के नगर्ने केही थाहा हुँदैन । यस्तोमा आफ्नो तर्फबाट केही गर्न पाए हुन्थ्यो भन्ने अभिप्रायले यो कार्यक्रम बनाएको उनले बताइन् ।

'हाम्रै ममीहरूले पनि गर्भवती अवस्थामा के खाने, के नखाने, के गर्ने, के नगर्ने बुझ्न पाउनुभएन,' उनले भनिन्, 'शहर बजारमा त अहिले धेरै कुरा सहज भइसकेको छ । कतिपय अवस्थामा यही सहज कुरा पनि जान्ने ठाउँ हुँदैन । त्यसैले यो सबैका लागि जानकारीमूलक हुनसक्ने ठानेकी छु ।'

आफूले गरेको काम दीर्घकालसम्म काम लाग्ने भएकाले यसप्रति आफूले ध्यान दिएको उनले बताइन् । 'सय वर्षपछि पनि यी जानकारीहरू उत्तिकै काम लाग्छन्, त्यसैले म यसमा उत्साहित भएँ,' उनले भनिन् । उनको कार्यक्रममा प्रख्यात चिकित्सकहरूले गर्भवती महिलाहरूले गर्नुपर्ने र ध्यान दिनुपर्ने जानकारीहरू दिने गरेका छन् ।

केही अभिनेत्रीहरूले पनि उनीसँग आफ्ना निजी अनुभवहरू यस कार्यक्रममा बताउने गरेका छन् । हालसम्म नौवटा एपिसोड प्रसारण भइसकेको छ । जम्माजम्मी १८ एसिसोडमा काम गरेको बताउँदै उनले यसपछि आफू रेखा फिल्मस्को ब्यानरमा नयाँ फिल्म सुटिङमा व्यस्त हुने बताइन् ।


कार्यक्रमका बारे व्यापक प्रचार नभएको जिज्ञासामा उनले भनिन्, 'समाजलाई काम लाग्ने चिज भाइरल हुँदैन । यो आफ्नो गतिमा विस्तारै एक कान दुई कान हुँदै चर्चा हुन्छ ।' तापनि कुनै कुनै भागको एक लाखसम्म भ्यूज भएकोमा उनले सन्तोष मानेकी छन् ।

आफूले यो सामाजिक जिम्मेवारीको हिसाबले काम गरेको बताइन् । टेलिभिजनसँग मिलेर यस्तो काम गरेको भए हुन्थ्यो भन्ने जिज्ञासामा उनले भनिन्, 'अहिले अब टेलिभिजनहरू नै हात-हातमा आइरहेका छन् । त्यसैले कसैसँग सल्लाह नभई काम गरेको हुनाले सिधै युट्युबमा रिलिज गरेकी हूँ ।'

उनले यो कार्यक्रम चलाउँदा शुरुमा त नर्वश नै भएको बताइन् । अनुभव सुनाउँदै उनले थपिन्, 'मैले कस्तो कस्तो कार्यक्रम चलाएँ तर कहिल्यै पनि नर्वश भएकी थिइनँ तर जब म प्रश्न गर्ने मञ्चमा बसेँ, शुरुमा त नर्वश नै भएँ ।'

'मलाई पहिलो पटक रेखा थापा पनि नर्वश हुँदिरहिछ भन्ने महसुस भयो,' हाँस्दै उनले भनिन् ।

# ज्योतिको दुर्व्यवहार खुलासा



गएको जनवरी २० मा फेसबुकमा ज्योति मगरले लेखेकी थिइन्, 'पब्लिकको अगाडि छोटा लुगा लगाउने भन्दा पब्लिकको आँखा छलेर चुकुल लगाउनेहरू घटिया हुन्छन् । छोटा लगाउनेले तिघ्रा देखाउँछन् । चुकुल लगाउनेले औकात... । चित्र होइन, चरित्र सफा राखौं र औकातअनुसारको कमेन्ट ठोकौं...।'

त्यो फेसबुके टिप्पणी कसका प्रति लक्षित छ भन्ने कुरा हालै एउटा पडकास्टमा उनले खुलासा गरेकी छन् ।

शुरुवाती संघर्षका बेला आफू कलाकार बन्न ज्यादै इच्छुक रहेका बेला चिनजान भएका एक जना व्यक्तिले कसरी उनको इच्छाको नाजायज फाइदा उठाउन खोजे भन्नेबारे खुलेर कुरा गरेकी छन् ।

आफू पुलिस क्लबमा जागिर खान इच्छुक रहेका बेला एक जनाले कोमल वली र अन्य परिचित व्यक्तिहरूको नाम लिँदै उनीहरूसँग चिनजान गर्न खोजे । उनले जागिरको प्रलोभन पनि दिए । ज्योतिले उनको नाम खुलासा नगरी भनिन्, 'ती दाइलाई सबैले राम्रोसँग चिन्छन् । म उनको नाम खुलाउँदिनँ तर उनले फाइदा उठाउने प्रयास गरे ।'

एक दिन उनले जागिरका लागि सुन्धारास्थित होटलमा बोलाएको सम्झँदै उनले भनेकी छन्, 'म जागिरका लागि यति व्यग्र थिएँ कि जहाँ बोलाए पनि गएँ ।' त्यो बेला ती 'दाइ'ले माथि कोठामा बोलाए । उनी पनि सरासर पुगिन् । उनी पुगेपछि कोठाको ढोका लगाएर हातपात गरेको उनले बताइन् ।

अब आफू दुष्टको पञ्जाको परेकोमा पछुताउँदै उनले भनिन्, 'दाइ म ट्वाइलेट जान्छु नि !' त्यसपछि ट्वाइलेट जाने बहानामा उनले केही सेकेण्डभित्रै ढोका खोलेर टाप कसेको उनले खुलासा गरेकी छन् ।

उनले भनेकी छन् 'त्यसपछि पनि उनले मलाई तनाव दिन छाडेनन् । बारम्बार फोन गरिरहन्थे । त्यो बेला त मलाई फोनमा कसरी ब्लक गरिन्छ भन्ने पनि थाहा थिएन ।'

त्यही ट्रमाका कारण अहिले पनि ढोका बन्द गरेर सुत्न नसक्ने पनि उनले खुलासा गरिन् । कसैले ढोकाको चुकुल लगायो भने किन लगायो भन्ने अझै पनि लाग्ने उनले बताइन् ।

२०६३ सालदेखि संगीत क्षेत्रमा नृत्य र गायनमा ग्ल्यामर छिराएर चर्चामा आएकी उनको कथित 'उत्ताउलो' प्रस्तुतिलाई धेरैले आपत्तिजनक मान्ने गरेका छन् ।

उनले पडकास्टमा भनेकी छन्, 'मलाई अन्तिम समयमा पनि कसैले सम्झेर बोलाउँछ भने त्यस्तो कार्यक्रममा जान म छुटाउँदिनँ । कसैसँग सम्झौता गरेर धेरै पैसा कमाउनुभन्दा सम्झौता नगरी गुजारा चलाउनु उत्तम हो ।'

## कविता लेख्छिन् ज्योति

हो, ऊ पुरुष हो, सधैं बलवान् हुन्छ ऊ
कठै कल्ले भन्छ र लुकेर एक्लै रुन्छ ऊ

बोल्यो भने नामर्द कहलाउँछ र त
हजार लाञ्छना गाली गलौच चुपचाप सुन्छ ऊ

आफैं ढल्छ, आफैं उठ्छ आफैंलाई सुम्सुम्याउँछ
तिम्ले दिएको कालो दाग आफ्नो आँशुले धुन्छ ऊ

बडेमानको जिउभित्र सानो बालक लुकेको छ
प्रेम पाए श्रद्धाले तिम्रो पाउ नै छुन्छ ऊ

समाजको नजरमा दोषी बनाई गिराइदेऊ
तर पनि सबसे पहिला तिम्रै खुशी चुन्छ ऊ

कठोर मुटु उस्को वियोगमा नि हाँसिरहन्छ
छल्किनै आँटेको पीडालाई जबर्जस्ती थुन्छ ऊ

माया गरेजस्तो गर, भ्रमको खेती गोड्न थाल्छ
भ्रमको फूल फुलाई सुन्दर माला बुन्छ ऊ

हो, ऊ पुरुष हो, सधैं बलवान् हुन्छ ऊ
कठै कल्ले भन्छ र लुकेर एक्लै रुन्छ ऊ ।

# भित्ताबाट हराउँदैछन् अष्टिम्की चित्रकला

हा कृष्ण जन्माष्टमी नजिकिँदै गर्दा पश्चिम नेपालका थारु बस्तीमा अष्टिम्कीको तयारी सुरू हुन्थ्यो । चित्र कोर्नका लागि प्राकृतिक रङको जोहो गरिन्थ्यो । हरियो रङका लागि सिमी, कत्थक रङका लागि विशेष काठ, रातो रङका लागि पवईं साग । कालो रङका लागि त सुकेको लौका आगोमा डढाउनुपर्थ्यो ।

थारु समुदायमा विशेषगरी हरियो, कालो, सेतो र रातो रङको प्रयोग हुन्छ । अष्टिम्कीमा पनि यिनै रङ प्रयोगमा आउँछन् । दुःख गरेर सङ्कलन गरिएका प्राकृतिक रङलाई हातैले घरका भित्तामा अष्टिम्की चित्र बनाएर उनीहरू अष्टिम्की पर्व मनाउँथे । तर, अहिले यसको मौलिकता हराएको छ । प्रिन्ट गरिएका अष्टिम्कीका चित्र टाँसेर पूजा गर्ने चलन हाबी भएको छ । यसले अष्टिम्की चित्रकलाको मौलिकपन नै हराउँदै जानेमा विज्ञहरू चिन्तित छन् ।

हरेक वर्ष कृष्ण जन्माष्टमीका दिन खास गरी पश्चिमा थारु समुदायले 'अष्टिम्की पर्व' मनाउने गर्छन् । यो पश्चिमा थारुहरूको मौलिक पर्व हो । यो दिन अष्टिम्की चित्र बनाएर व्रतालु महिलाले पूजा गर्ने चलन छ ।

मिथिला चित्रकलासँग मिल्दोजुल्दो अष्टिम्की चित्र व्यावसायिक बन्न त परै जाओस् घरका भित्ताहरूमा पनि देखिन छाडेको छ ।

### अष्टिम्की चित्रको महत्त्व

अष्टिम्की गीतको पुस्तक प्रकाशन गरिसकेका शत्रुघन चौधरीका अनुसार अष्टिम्की थारुहरूको विभिन्न प्रदर्शनकारी सौन्दर्य कलामध्ये एक हो, जुन प्राकृतिक सौन्दर्य र जीवको गहिरो सम्बन्ध रहेको चित्रकलामार्फत व्यक्त हुन्छ । अष्टिम्कीका दिन बिहानै नुवाइधुवाइ गरी निराहार व्रत बसी महिला-पुरुषहरू घरको बहरी (पिँढी) को उत्तरतर्फको भित्तामा हस्तचित्र बनाउने गर्छन्, जहाँ मानवकृति र प्राकृतिक स्वरूप बनाइएका हुन्छन्", उहाँ भन्नुहुन्छ, "सृष्टिको कथादेखि पशुपक्षी, जीवजन्तुको चित्र बनाइएको हुन्छ । यसले थारुहरूको जीवनशैली र जीवजीविकाको सम्बन्ध देखाउँछ ।"

अष्टिम्कीबारे विद्यावारिधि गरेका थारु संस्कृतिविद् डा कृष्णराज सर्वहारीका अनुसार, अष्टिम्की चित्रकला एक कला मात्र होइन, समग्र थारु समुदायको उत्पत्ति, जीवनशैली, दर्शन र संस्कृतिको प्रतिरूप हो । उहाँ भन्नुहुन्छ, 'अष्टिम्कीको गीत गाउँदै अष्टिम्की चित्र बनाइन्छ । गीतमा भनिएको कुरा चित्रमा झल्किन्छ । चित्रमा सूर्य र चन्द्रको उपस्थितिले थारुहरू प्रकृतिपूजक रहेको प्रस्ट बुझिन्छ ।'

डा. सर्वहारीका अनुसार, अष्टिम्की चित्रकलामा ब्रह्माण्ड सृष्टिसँग जोडिएका सबै पक्ष समावेश हुन्छन् । थारुहरूको कृषिकर्म हलो जोतेको, डोलीमा बेहुला-बेहुली बसेको, घना जङ्गल, पशुपन्छी आदि सबैले थारु जनजीवनको विविध पाटोलाई चित्रमार्फत उजागर गर्छन् । यी चित्र भित्तामा डेहरी (भकारी) मा बनाइन्छन् र साँझपख पूजाअर्चनापछि मात्र फलफूल खाने गरिन्छ ।

असारको पहिलो साता सार्वजनिक भएको पुस्तक 'बुढनी' को आवरणमा पनि अष्टिम्की कला झल्कन्छ । यसका लेखक इन्दु थारु अष्टिम्की चित्रकला थारु समुदायका पुर्खाले पहिलेदेखि नै बनाउँदै आएकाले पुस्तकमा मौलिक कलालाई स्थान दिएको बताउँछन् ।

'थारु समुदायमा चित्र बनाउने आफ्नै शैली छ । बाघ, मयूर होस् वा अन्य जनावर र पन्छी । ज्यामितीय आकारमा बनाइएका यी चित्र हेर्दा स्पष्ट हुन्छ कि यो थारुहरूको कला हो । यो बनाउने तरिका पनि विशिष्ट छ", उनको भनाइ छ । अष्टिम्की चित्र हेर्नेबित्तिकै थारु समुदायको सांस्कृतिक पहिचानसँग जोडिने अनुभूति आफूलाई हुने उनी बताउँछन् ।

### अष्टिम्की चित्रकला प्रवर्द्धनमा स्थानीय तह

संस्कृति जगेर्ना र थारु लोकचित्रकलाको प्रवर्द्धनमा स्थानीय तहले आ-आफ्नो तर्फबाट पहल गरिरहेका छन् । थारु बहुल क्षेत्रका पालिकाहरूमा अष्टिम्की चित्रकलाको प्रवर्द्धन गर्न कार्यशाला, प्रतियोगिता, गोष्ठीहरू सञ्चालन भइरहेका छन् ।

बर्दियाको बारबर्दिया नगरपालिकाले आफ्नो पालिकामा लागू गरेको स्थानीय पुस्तक 'बारबर्दिया गौरव'मा अष्टिम्कीबारे पाठ राखेको छ । यसका साथै, त्यहाँ अष्टिम्कीको अवसरमा कक्षा ४ देखिमाथिका विद्यार्थीलाई अष्टिम्की चित्र बनाउने अभ्यास पनि गराइन्छ । 'बारबर्दिया गौरव' पुस्तकका लेखकमध्ये एक नरेशलाल कुसुम्याका अनुसार पाठ्यक्रम, कार्यशालालगायत विभिन्न प्रयासले यो चित्रकलालाई दिगो बनाउन र प्रवर्द्धन गर्न सकिन्छ ।



यसै साता काठमाडौँमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र अग्रासन थारु महिला समाजको सहकार्यमा थारु अष्टिम्की चित्रकला कार्यशाला आयोजना गरियो । जसमा काठमाडौँवासी थारु युवाले उत्साहपूर्वक सहभागिता जनाएका थिए ।

कैलालीको जानकी गाउँपालिकाले त आफ्नो कार्यालय भवन कक्ष अष्टिम्की चित्रकलाले सुसज्जित बनाएको छ । मौलिक हस्तकला चित्रले पालिकाकै शोभा बढाएको छ । पालिकाले बर्सेनि अष्टिम्कीको सेरोफेरोमा अष्टिम्की चित्रकला कार्यशाला तथा प्रतियोगिता आयोजना गर्छ । साथै पालिकाले लोककलाको हब भनेर नै घोषणा गरेको छ ।

थारु परम्परालाई जगेर्ना गर्न प्रत्येक वर्ष अष्टिम्कीका अवसरमा कार्यशाला सञ्चालन गर्दै आएका जानकी गाउँपालिका, कैलालीका अध्यक्ष गणेश चौधरी भन्छन्, 'पुराना पुस्ताबाट प्राप्त सीप र ज्ञान नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले अष्टिम्की चित्रकला बनाउने परम्परालाई जोगाउन कार्यशाला गर्दै आएका छौं । कार्यशालामा सहभागीलाई भित्तेचित्र कसरी बनाउने, यसको महत्त्व के छ भन्नेबारेमा सिकाइन्छ ।'

जानकी गाउँपालिकाले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा चित्रमा रङको संयोजन कसरी गर्ने, थारु सीप र परम्परासँग कसरी जोड्ने भन्ने विषयमा काम गर्दै आएको छ । अध्यक्ष चौधरीका अनुसार थारु समुदायको अष्टिम्की चित्रकलामा संरक्षण र व्यवसायीकरणको पहलको आवश्यकता छ । चित्रकलालाई भविष्यमा कसरी बजारीकरण गर्ने भन्ने विषयमा योजना बनाइरहेको उहाँले सुनाउनुभयो । मिथिला चित्रकलाजस्तै अष्टिम्कीले पनि बजार पाओस् भन्ने चाहना रहेको उहाँको भनाइ छ ।

यसका लागि गाउँपालिकाले अष्टिम्की चित्रकलालाई बेलाबेलामा प्रदर्शनीमा राख्ने र आगामी दिनमा कोसेली घर स्थापना गरेर बिक्री गर्ने सोच बनाएको छ ।

यसैगरी, बर्दियाको ठाकुरबाबा नगरपालिकाअन्तर्गत ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानले पनि यस वर्ष तीनदिने अष्टिम्की चित्रकला कार्यशाला आयोजना गरेको छ । दुई दर्जन सहभागीले प्रशिक्षकहरूबाट सुन्दर अष्टिम्की चित्र बनाएका छन् । यसलाई अरु वर्ष पनि निरन्तरता दिइने प्रतिष्ठानका सचिव खगेन्द्र नेपाल बताउनुहुन्छ ।

बर्दियाको बारबर्दिया नगरपालिकाले थारु लोककला अष्टिम्की जोगाउन तथा यसलाई व्यापकता दिन यस वर्ष पालिकास्तरीय अष्टिम्की टिक्ना (पूजा गर्ने) कार्यक्रम गरेको छ । यसका साथै, नगरपालिकाले अतिरिक्त क्रियाकलापअन्तर्गत परम्परागत सीप हस्तान्तरणसँग सम्बन्धित विभिन्न कार्यक्रम विद्यालयहरूमा गर्दै आएको छ । नगरपालिकाका प्रशासकीय अधिकृत टीकानाथ गोसाईंले परम्परागत सीपलाई जोगाउने उद्देश्यले अष्टिम्की चित्रकला, डुना, टपरी, ढकिया बनाउनेलगायत कार्य विद्यालयलले शैक्षिक क्यालेन्डरमै समावेश गरेको भयो । आगामी दिनमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा अष्टिम्की कार्यशाला गर्ने योजना रहेको उनको भनाइ छ ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले अष्टिम्की चित्रकला जोगाउन र प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्लेले संस्कृति र परम्परा जोगाउने कार्य चुनौतीपूर्ण बन्दै गएको बताउनुभयो । 'यसको संरक्षणका लागि सम्बन्धित समुदायभित्र पुस्तान्तरण हुन आवश्यक छ,' उनी भन्छन्, 'यही आवश्यकतालाई मध्यनजर गर्दै प्रतिष्ठानले झक्झक्याउने ठाउँमा जति सम्भव हुन्छ, सहकार्यको प्रयास बढाइरहेको छ ।'

अष्टिम्की चित्रकला कार्यशालमा प्रतिष्ठानले गरेको सहजीकरणको प्रभाव राम्रो देखिएको उनको अनुभव छ । 'लोककलाको बजारीकरण र दीगो विकासका सम्भावनालाई ध्यानमा राख्दै काम सुरू गरिएको छ । यस्ता कार्यक्रमले थारु समुदायको मौलिक शैली, लोककथा, अष्टिम्की चित्र तथा अन्य लोकचित्रकलालाई जनजीवन र सामाजिक रूपान्तरणसँग जोड्ने प्रयास गरेका छन्,' उनले भने ।

प्रशिक्षण कार्यक्रममार्फत स्थानीय कलाकार तथा नयाँ पुस्तालाई थारु चित्रकलाको महत्त्व र सीप हस्तान्तरण गरिँदै आएको छ । यसबाट राम्रो प्रभाव र सम्भावना देखिएको काफ्ले बताउँछन् । उनका अनुसार, लोकचित्रकलाको मौलिकता जोगाउँदै पुस्तान्तरण र दीगो विकासका लागि आम्दानीको स्रोतका रूपमा कसरी विकास गर्ने भन्नेबारे सोच बनाउन आवश्यक छ ।

अष्टिम्की चित्रकलामा थारुहरूको जीवनदर्शन स्पष्ट झल्किन्छ । थारु लोककला बाँचेको छ । यद्यपि, नयाँ पुस्तालाई यसको महत्त्व अझै पनि बुझाउन सकिएको छैन । चित्र बनाएर आम्दानी गर्न सकिन्छ भन्ने सोचको अभावले पनि यसले व्यवसायीकरणको बाटो लिन नसकेको कलाकार मित्थु थारु बताउँछन् । उनले अष्टिम्की कलामै धेरै पुरस्कार प्राप्त गरिसकेका छन् ।

'पहिले ट सिरिजल जल थल धरती, डुसरे ट सिरिजल कुश कइ डाभ' यही श्लोकबाट अष्टिम्की गीतको सुरूआत हुन्छ । अर्थात् पहिले पृथ्वी जलैजल थियो, पछि स्थल बन्यो । कुश भन्ने वनस्पतिको पहिलो सृष्टि भयो । यसरी सृष्टिको सिर्जनाको कथाबाट अष्टिम्की गीतको प्रारम्भ भएको छ ।

सर्वहारी अष्टिम्की चित्रलाई अष्टिम्कीको अवसरमा मात्र सीमित नराखी अन्य समय पनि अभ्यासमा ल्याउन सकिए थारु कलाकारलाई अगाडि बढ्न अवसर मिल्ने बताउँछन् । प्रवर्द्धनमा सबैले आफ्नो स्थानबाट साथ दिए लोककला लोप हुन सक्ने खतराबाट जोगिने उनको भनाइ छ ।

संस्कृति बचाउने मनसायले मात्रै होइन, यसलाई आर्थिक अवसरमा परिणत गर्न पनि जरुरी छ । जसरी मिथिला चित्रकलाले विश्वमा नै आफ्नो पहिचान बनाउन सफल भएको छ, अष्टिम्की कला भने घरकै भित्ता र पोस्टरमा सीमित हुन पुगेका छन् । यसको प्रवर्द्धनका लागि प्रचार-प्रसार, कार्यक्रम, प्रदर्शनी, अभियान तथा कार्यशालामार्फत नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्नमा भने ढिला भइसकेको छ । *रासस*

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला